**विषालु च्याउबाट जोगिऔं।**
जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं। खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं, जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन २१ गते शनिबार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 06 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३९

## मन्त्रालयको लापरवाहीले निजगढ नपामा समस्या

प्रस, निजगढ, २० साउन/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लापरवाहीका कारण निजगढ नगरपालिकामा पाँच दिनदेखि समस्या जटिल बन्दै गइरहेको छ।


प्रमुख प्रशासकीय अधिकृतको कोठामा रहेको बायोमेट्रिक हाजिरी यन्त्र झिकिएको अवस्थामा। तस्वीरः जीतलाल श्रेष्ठ

मन्त्रालयले साउन ११ गते सचिवस्तरको निर्णयलाई उल्टाउँदै साउन १५ गते मन्त्रालयले सुमनकुमार कार्कीलाई पुनः प्रमुख प्रशासकीय अधिकृतमा बहाली गरेपछि नगरप्रमुख सुरथ पुरीले कार्कीलाई कुनै हालतमा हाजिरी नगराउने अडानका साथ कार्यकक्षमा तालाबन्दी गरेपछि समस्या लम्बिँदै गएको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयले निजगढ नपामा कार्यरत कार्कीलाई पचरौता नगरपालिकामा र मकवानपुरको थाहा नगरपालिकामा कार्यरत हरिलाल पुरीलाई निजगढ नगरपालिकामा सरुवा गरिएको थियो।

सोको पाँच दिन नपुग्दै प्रमुख प्रशासकीय अधिकृत पुरीलाई मन्त्रालय तानी निजगढ नपामा कार्कीलाई पुनर्बहाली गरेसँगै नेकपा एमालेबाट विजयी भएका जनप्रतिनिधिहरू नगरप्रमुख पुरी, उपप्रमुख सोममाया थिङलगायत नेता, कार्यकर्ताहरूले मन्त्रालयले समस्या खडा गरिदिएको भन्दै मन्त्रालयले नै यसको उचित निकास अविलम्ब निकालिदिनुपर्ने बताएका छन्।

प्रमुख प्रशासकीय अधिकृतको कोठामा तालाबन्दीका कारण नेपाल सरकारको मापदण्ड अनुसार कर्मचारीहरूको दैनिक हाजिरी गर्न जडान गरिएको इलेक्ट्रोनिक्स बायोमेट्रिक यन्त्रमा हाजिरी गर्नबाट कर्मचारीहरू वञ्चित भएका छन्। अहिले पुरानै शैलीमा रजिस्टरमा हाजिरी गरिँदैछ। प्रमुख प्रशासकीय अधिकृतको कोठामा सिसिटिभीको लाइन छ, जसलाई नगरप्रमुख पुरीको निर्देशनमा अवरुद्ध पारिएको छ।

हाम्रो मन्त्रालयसँगको असहमति हो। एक साता पनि नबित्दै प्रमुख प्रशासकीय अधिकृत फेरबदल गरिदिने कार्य अशोभनीय र प्राकृतिक नियमभित्र नपर्ने भएकाले अप्राकृतिकरूपमा पुनर्बहाली भएका कार्कीलाई कार्यालयमा हाजिरी गराउन नसकिने नगरप्रमुख पुरीले बताए।

मन्त्रालयको यस्तो कार्यले स्थानीय तहमा उपसचिवहरूको सरुवामा राजनीतिक शक्ति, दाउपेच हुने गरेको स्पष्ट झल्किएको देखिन्छ।

प्रमुख प्रशासकीय अधिकृत कार्कीले रवानापुर्जी नबुझ्दै हतारमा उपसचिव हरिलाल पुरी आउनुमा पनि राजनीतिक गन्ध प्रस्ट देखिएको राजनीतिककर्मीहरू बताउँछन्। मन्त्रालयबाट सरुवापुर्जी निजगढ नपामा आई नपुग्दै उपसचिव पुरीलाई हाजिरी गराइएको एक स्रोतले नाम उल्लेख नगर्ने शर्तमा दाबी गरेको छ। तर निमित्त प्रमुख एवं लेखा अधिकृत शिवप्रसाद देवकोटाले मन्त्रालयबाट पत्र आएकोले पुरीलाई हाजिरी गराइएको बताए।

आफूलाई मन्त्रालयमा तानेको र कार्कीलाई बहाली गरी निजगढ नपामा पठाइएकोले नगरपालिकाको कामकाजका लागि आफू निजगढ आउन नमिल्ने उपसचिव पुरीले फोन सम्पर्कमा बताएका थिए।

निजगढ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतमा कार्की पुनर्बहाली भई आइसकेकाले हाजिरी गराइ दैनिक कामकाज अघि बढाउनुपर्ने पक्षमा स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्र गठबन्धनबाट निर्वाचित जनप्रतिनिधिहरूको भनाइ छ। निजगढ नपामा गठबन्धनबाट निर्वाचित भएका जनप्रतिनिधिहरूको बहुमत छ।

## निजगढ मोहोरी पार्कमा तोडफोड

प्रस, निजगढ, २० साउन/ निजगढ नगरपालिका–४ बागदेव


तोडफोड गरिएको स्थानको अवलोकन गर्दै नगरप्रमुख पुरी। तस्वीरः प्रतीक

मोहोरीस्थित गणेशमान सिंह पार्कमा दुई दिनअघि तोडफोड भएको छ। चुरे पर्वत शृङ्खलाको काखमा रहेको रमणीय पर्यटकीय दृष्टिकोणले निर्माणाधीन लौहपुरुष गणेशमान सिंहको पूर्णकदको सालिकवरिपरि निर्माण गरिएको स्टीलको रेलिङ, मार्बल परिसरमा जडान गरिएका सिमेन्टेड कुर्सी अज्ञात समूहले तोडफोड गरेको छ।

शुक्रवार सो घटना भएको जानकारी पाएपछि नगरप्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङले घटनास्थलको अनुगमन गरेका थिए। अनुगमनपछि तोडफोड कार्य अत्यन्तै निन्दनीय, अमानवीय, दुःखद र सामाजिक विकृतिको रूपमा आफूले लिएको बताउँदै घटनामा संलग्नको खोजी गरी अविलम्ब कानूनी कारबाई गर्न नगरप्रमुख पुरीले स्थानीय सुरक्षा निकायलाई आग्रह गरेका थिए।

पार्क निजगढकै सार्वजनिक महत्त्वको भएकोले यसको संरक्षण गर्ने दायित्व सबै नगरवासीको भएको उनले बताए। नगरप्रमुख पुरीले विकासका लागि निजगढ नगरपालिका सदैव तयार रहेको बताए।

उपप्रमुख थिङले पनि घटना उद्दण्डताको पराकाष्ठा भएको भन्दै यस्ता गतिविधि गर्ने, गराउने जो कोहीलाई छुट दिन नहुने भन्दै कानूनी कारबाईको दायरामा चाँडै ल्याउन सुरक्षा निकायलाई आग्रह गरिन्।

साउन १८ गते राति तोडफोड भएको गणेशमान पार्क विकास व्यवस्थापन समितिका अध्यक्ष सागर गौतमले जानकारी दिए। सो समितिले घटनामा संलग्न तोडफोड गर्ने समूहलाई पहिचान गरी कानूनी कारबाईका लागि इप्का, निजगढमा निवेदन दिएको बताए। गणेशमान सिंह सालिकवरिपरि निर्माण गरिएको स्टीलको रेलिङ, मार्बल र सिमेन्टेड कुर्सी तोडफोड भएको छ। योजना सम्पन्न नहुँदै भएको तोडफोडबाट करीब दुई लाख मूल्यबराबरको क्षति भएको बताइन्छ। गत आवमा विनियोजित २० लाख रकमबाट पार्कमा निर्माण कार्य भइरहेको छ।

## महिला तथा बालबालिकाविरुद्धको मुद्दामा वृद्धि

नितेश कर्ण, वीरगंज, २० साउन/ महिला तथा बालबालिकाविरुद्धको मुद्दा पर्सा जिल्लामा थोरै सङ्ख्यामा बढेको छ। आव २०७७/७८ मा १४६ वटा मुद्दा दर्ता भएका थिए भने आव २०७८/७९ मा १४९ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले बताए।

जिप्रका, पर्साले उपलब्ध गराएको तथ्याङ्क अनुसार जबरजस्ती करणीमा गत वर्षको तुलनामा मुद्दा घटेको छ। ३९ वटा मुद्दा आव २०७७/७८ मा दर्ता भएका थिए भने २०७८/७९ मा ३७ वटा भए। तर जबरजस्ती करणीको उद्योग मुद्दा भने दोब्बरीले बढेको छ। आव २०७७/७८ मा सातवटा मुद्दा दर्ता भएका थिए भने २०७८/७९ मा १३ वटा मुद्दा दर्ता भए।

त्यसैगरी, मानव बेचबिखन तथा बहुविवाहको मुद्दा पनि बढेको छ। आव २०७७/७८ मा मानव बेचबिखनका दुईवटा मुद्दा दर्ता भएका थिए भने २०७८/७९ मा सातवटा मुद्दा दर्ता भएका थिए। यसैगरी, २०७७/७८ मा बहुविवाहका मुद्दा तीनवटा र २०७८/७९ मा १७ वटा दर्ता भएका थिए। कर्तव्य ज्यान मुद्दा र आत्महत्या घटेको छ। कर्तव्य ज्यान मुद्दा २०७७/७८ मा सातवटा, आत्महत्या ७४ वटा र २०७८/७९ मा क्रमशः चार र ६२ वटा मुद्दा दर्ता भएका थिए।

अपमानजनक व्यवहार, अपहरण, बालविवाह, बालविवाह उद्योग, यौन दुर्व्यवहारका मुद्दा गत आवमा एउटा पनि थिएनन् भने बाल यौन दुरुपयोगसम्बन्धी मुद्दा पनि घटेको छ। २०७७/७८ मा सातवटा मुद्दा दर्ता थिए भने २०७८/७९ मा एउटा मात्र मुद्दा दर्ता भएको छ।

बोक्सी आरोपको मुद्दा २०७७/७८ भन्दा बढेको छ। सो अवधिमा एउटा मुद्दा दर्ता भएको थियो भने २०७८/७९ मा पाँचवटा मुद्दा दर्ता भएका थिए।

## बैंक र प्रहरीले दुःख दिएको जियालालको आरोप

प्रस, वीरगंज, २० साउन/ वीरगंज महानगर–२५ निवासी जियालाल साह तुराहाले पत्रकार सम्मेलन गरी सिभिल बैंक लि., वीरगंज र प्रहरी बदमाशीका कारण आफूले दुःख पाएको गुनासो गरेका छन्।


पत्रकार सम्मेलनमा जियालाललगायत। तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा शुक्रवार आयोजित पत्रकार सम्मेलनमा उनले सिभिल बैंकको आफू ऋणी भएको र सोही बैंकले आफ्नो नामको चेक भान्जा हरेरामकुमार साहलाई हस्तान्तरण गरेको र सो चेकको आधारमा भिनाजु रामअयोध्या साहले दुःख दिँदै आएको आरोप लगाए।

जियालालले भिनाजु र भान्जाका कारण आफूले ४० दिन अनाहक प्रहरी थुनामा बस्नुपरेको र अदालतको आदेशमा तीन लाख रुपैयाँ धरौटीमा छुट्नुपरेको बताए। उनले सिभिल बैंकले मेरो नामको चेकबुक भान्जालाई बुझाएको र सो चेकबुकबाट भिनाजुले कान्छो भान्जा पप्पुकुमार साहको नाममा १९ लाखको किर्ते हस्ताक्षर गरी चेक काटेको र सोही चेकलाई बैंकबाट बाउन्स गराएर प्रहरीमार्फत चेक अनादरमा थुन्न लगाएको बताए।

उनले बैंकको सिसिटिभीमा चेक भान्जाले बुझेको र भिनाजु साथमा रहेको प्रस्ट देखिए पनि यसबारेमा बैंकले कुनै सहयोग नगरेको आरोप लगाए। जियालालले आफ्नो नाममा रहेको चेक अरूले लगेको विषयमा बैंक गम्भीर नभएको र जारी चेक सोही बैंकबाट आफ्नो हस्ताक्षर नभए पनि बाउन्स गरेर दुःख दिएको बताए। उनले पहिलो घटना ९५ लाखको चेक बाउन्स मुद्दा जिल्ला प्रहरीमा भिनाजु रामअयोध्या साहले गरेको थाहा पाएको र बैंकमा यसबारेमा उजुरी गर्न जाँदा प्रहरीमा पठाएको बताए।

प्रहरीमा जाँदा पहिलेदेखि नै १९ लाखको भान्जाको नाममा जारी भएको चेक बाउन्समा आफूविरुद्ध पक्राउ पुर्जी जारी गरिएको र प्रहरी नायब उपरीक्षकद्वय ओमप्रकाश खनाल र प्रह्लाद कार्कीले भिनाजुसँग मिलापत्र गर्न दबाब दिएको बताए।

जियालालले २०७९/२/१५ र २०७९/३/५ मा जिल्ला प्रहरीमा घटनाबारे लिखित जानकारी गराएको तर प्रहरीले सुनवाइ नगरेको बताए। उनले जेठो भान्जाले लिएको चेक कान्छो भान्जाको नाममा १९ लाखको जारी गरी किर्ते गरेको तर प्रहरीले उल्टो बैंकिङ कसूर मुद्दामा आफूलाई ४० दिन थुनामा राखेको बताए। उनले केन्द्रीय विधि विज्ञान प्रयोगशालामा चेकमा रहेको हस्ताक्षर आफ्नो नभएको प्रमाणित नभएपछि अदालतले धरौटीमा छाडेको तर अहिले पनि दश थान चेकबाट भिनाजुले तीनवटा चेक भिनाजुका ज्वाइँ लड्डुबाबू साहको नाममा, एउटा दिदी उमरावतीको नाममा करीब एक करोड ६५ लाख ९४ हजारको चेक बाउन्स गराएको बैंकबाट देखिएको हुँदा यस सम्बन्धमा थप दुःख पाउने सम्भावना देखेर पत्रकार सम्मेलन गरी जानकारी गराएको बताए।

उनले आफ्नो नामको चेकमा अरूले हस्ताक्षर गर्दा बैंक र प्रहरीले किर्ते गर्नेलाई कसूर अनुसारको सजाय गर्नुपर्नेमा आफूलाई दुःख दिइरहेको बताए।

पर्सा प्रहरीका प्रवक्ता प्रह्लाद कार्कीले सालो–भिनाजुबीच जग्गाको विषयलाई लिएर विवाद भएको र दुवैलाई मिलेर आउन सुझाव दिएको बताए। जियालालले भने प्रहरीले एक पक्षलाई सघाएको आरोप लगाए। कानून अनुसार दोषी देखिनेलाई कारबाई हुनुपर्नेमा सो नभएको उनको भनाइ छ।

## सिमरा विमानस्थलको रनवेको मरम्मतको काम अन्तिम चरणमा, चाँडै उडान थपिने


प्रस, परवानीपुर, २० साउन/ नेपालकै सबैभन्दा पुरानो विमानस्थलको रूपमा चिनिने सिमरा विमानस्थलको रनवे मरम्मतको काम अन्तिम चरणमा पुगेको छ।

टावर कन्ट्रोलर सङ्गम श्रेष्ठका अनुसार एक महीनादेखि शुरू भएको रनवे मरम्मतको काम करीब सकिन लागेको बताए। एक सातादेखि भारी वर्षा भएकोले साउन १२ गतेसम्म सम्पन्न हुनुपर्ने काम केही दिन ढिलाइ भएको उनले बताए।

करीब रु १० करोडको ठेक्कामा सप्तकोशी जलाधार निर्माण सेवा, काठमाडौँले रनवे ओभर–लेको काम गरिरहेको छ। रनवे मरम्मतको कामले गर्दा हाल सिमरा विमानस्थल अहिले बिहान ६ देखि साँझ ७ बजेसम्म सञ्चालनमा छ।

हाल दैनिक बुद्ध, गुण, श्री, यती गरी

(बाँकी पाँचौं पातामा)


तस्वीरः प्रतीक

### विचारसार र सूक्तिहरू

**जसले तिमीसँग नराम्रो व्यवहार गर्छ, ऊसँग राम्रो व्यवहार पनि नगर, नराम्रो व्यवहार पनि नगर, मात्र टाढा बस ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# आयो निर्वाचन

**सरकारले प्रदेश र प्रतिनिधि सभा निर्वाचन मङ्सिर ४ गते एकै चरणमा तोकेको छ। बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन मङ्सिर ४ गते एकै चरणमा गर्ने निर्णय गरेको हो । यसअघि निर्वाचन आयोगले मङ्सिर ४ गते निर्वाचनको मिति तोक्न सरकारलाई सिफारिश गरेको थियो। निर्वाचनको मिति तोक्नुभन्दा पहिले बसेको सत्ता गठबन्धनको बैठकले प्रदेश र प्रतिनिधि सभाको निर्वाचन मङ्सिर ४ गते गर्ने निर्णय गरेको थियो। वर्तमान प्रतिनिधि र प्रदेश सभाका सदस्यहरूको पदावधि आउँदो मङ्सिर २१ गते सकिँदै छ। उनीहरूको पदावधि सकिनुअगावै नवनिर्वाचित सदस्यहरू आउने गरी निर्वाचन आयोगले सरकारलाई सुझाएको थियो। एकै चरणमा निर्वाचन गर्दा खर्चमा मितव्ययिता हुने र एक स्थानको चुनावी गतिविधिको प्रभाव अर्को स्थानमा नपर्ने देखिन्छ। यसअघि वैशाख ३० गते स्थानीय तहको निर्वाचन मुलुकको ७७ जिल्लामा एकै चरणमा सफलताका साथ सम्पन्न भएको थियो। सोही सफलतालाई आधार मानेर निर्वाचन आयोगले आउँदो चुनाव पनि सबै क्षेत्रमा एकैसाथ गर्न सकिने ठहर गरेको हो।**

**स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन एकैसाथ गर्नुपर्ने चर्चा चलेको थियो। यसो गर्दा आर्थिक मितव्ययिता हुने तर्कहरू आएका भएपनि त्यसमा विभिन्न बाधा–व्यवधान एवं कार्यकालसम्बन्धी कानूनी अड्चन आउने भएकाले सम्भव भएन। स्थानीय तह निर्वाचनको सात महीनापछि प्रतिनिधि र प्रदेश सभाको निर्वाचन हुने तय भएको छ। बितेको चुनावमा नेकपाले झन्डै दुई तिहाइ मत ल्याउन सफल भएपनि यो बीचमैं तुहिएपछि अब जनमतको अवस्था के होला भन्ने कौतूहलता थियो। नेकपा विभाजनपछि भएको स्थानीय तह निर्वाचनलाई मुलुक भित्र र बाहिरबाट समेत निकै चासोका साथ हेरिएको थियो। कतिपयले त यसलाई मिनी जनमत सङ्ग्रहकै रूपमा पनि विश्लेषण गर्न खोजे। अन्ततः स्थानीय तह निर्वाचनमा प्राप्त सिट परिणामको आधारमा नेपाली काङ्ग्रेस प्रथम र नेकपा एमाले द्वितीय भए। त्यसैगरी, अध्यक्ष तथा प्रमुखले पाएको मतको आधारमा नेकाभन्दा एमाले केही अगाडि देखियो भने वडाध्यक्षले पाएको मतमा एमालेभन्दा नेका केही अगाडि देखिएको छ। नेकपा बन्नुभन्दा पहिले पनि नेपाली काङ्ग्रेस र एमालेबीच ठूलो पार्टी बन्ने प्रतिस्पर्धा थियो। अतः अवस्था हिजोको र आजको एकै देखियो।**

**स्थानीय तहको चुनावलाई मध्यनजर गर्दै सत्तासीन पाँच दलबीच गठबन्धन कायमै राख्ने सहमति भएको छ। उनीहरूबीच मत विभाजन हुने हो भने प्रतिनिधि र प्रदेश सभाको सिट सङ्ख्या एमालेले बढी जित्ने लक्षण स्थानीय तह निर्वाचनले देखाएको छ। फेरि पनि कुनै एक दलले बहुमत ल्याउन सक्ने अवस्था रहँदैन। अबको सरकार पनि मिलीजुली सरकार नै हुने हुँदा स्थिर रहन नसक्ने भयो। मिलिजुली सरकारमा सहभागीहरूबीच जब स्वार्थ बाझिन्छ, तब फुट हुन्छ। एमाले र काङ्ग्रेस दुईवटा ठूला दल हुँदा अन्य साना दलहरूलाई दुवैतर्फ मोलमोलाइ गर्ने वातावरण तयार हुनेछ। यो अवस्थामा फ्लोर क्रस गर्ने र सांसद खरीद–बिक्री हुने विकृति दोहोरिन सक्छ। यसर्थ अबको चुनावमा जुनसुकै दल भएपनि सत्य, निष्ठा, मुलुक र मतदाताप्रति समर्पित इमानदार उम्मेदवार मतदाताको रोजाइमा पर्नुपर्छ। उम्मेदवारभन्दा पहिले मतदाता सचेत र इमानदार हुन जरुरी देखिएको छ।**

# पार्टीहरूले समाजवाद मुख्य ध्येय किन बनाएका छन् ?

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**दलाल पूँजीवादी व्यवस्थाको जालोभित्र संसारका सबै मानिस छटपटाइरहेका छन्। यतिबेला राजनीति नै सबैभन्दा ठूलो धन कमाउने धन्दाको रूपमा विकसित हुन पुगेको छ। शिक्षा र स्वास्थ्य संसारमा सेवा होइन, केवल राम्रो धन्दाको रूपमा स्थापित हुँदै गएको छ।**

यतिबेला चाहे कम्युनिस्ट नामधारी पार्टी होस् अथवा गैरकम्युनिस्ट नामधारी पार्टी, यिनीहरू सबैको राजनीतिक उद्देश्यमा समाजवाद भन्ने शब्दावली अवश्य नै हुने गर्छ। यसको कारण के हो ? एकातर्फ नेपालको राजनीतिमा दुई तिहाईको तथाकथित कम्युनिस्ट सरकार पदीय भागबन्डा नमिलेको आन्तरिक कारणले ध्वस्त भएको छ भने अर्कोतर्फ तेस्रो नम्बरमा रहेको नेपाली काङ्ग्रेसजस्तो घोर दक्षिणपन्थी पार्टीको नेतृत्वमा तिनै तथाकथित कम्युनिस्ट भनाउँदाहरूको गठजोडले एक थान सरकार बनेको छ। नेपालकै इतिहासमा र विश्वकै इतिहासमा यति नालायक सरकार कहिल्यै बनेको थिएन भन्ने टिप्पणीहरू मोदीसँग प्रधानमन्त्री बसेको दृश्य हेरेर धेरैले गरेका थिए। यस क्रममा नेकपा टुक्रा भएर माधव नेपालको नेतृत्वमा नेकपा बन्यो जसले आफ्नो पुच्छरमा समाजवाद राख्यो। चाहे नेपाली काङ्ग्रेस होस् वा दक्षिणपन्थी संसद्वादमा लागेका नेकपा एमाले, माओवादी, एकीकृत आदि इत्यादि, सबैले आफ्नो मुख्य एजेन्डामा समाजवाद राख्ने गरेको कुरो सबैले बुझ्केकै विषय हो। त्यसैगरी संसद् बाहिर भएका कम्युनिस्ट नामधारी पार्टीहरूसमेत आफूलाई समाजवादको लागि लडिरहने बताइ नै रहन्छन्। मोहनविक्रम सिंहदेखि विप्लव र विप्लवबाट फुटेका तथा मोहन वैद्यसम्मका सबैले समाजवाद मात्र होइन, वैज्ञानिक समाजवादसमेत भन्ने गरेका छन्। यस प्रसङ्गमा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नाम गरेको पार्टीसमेत गठन भइसकेको अवस्थामा समाजवादलाई मुख्य ध्येय (लक्ष्य) किन बनाउँछन् त नेपालका राजनीतिक पार्टीहरू; आउनुस्, यस विषयमा थोरै चर्चा गरौं।

नेपाल पूँजीवादी तथा अर्ध औपनिवेशिक देश हो। नेपालमा बहुसङ्ख्यक सर्वहारा श्रमिक वर्ग र मध्यम वर्ग रहेको छ। बहुसङ्ख्यक मानिस गरीबी, भोक तथा बेरोजगारीको चपेटामा छन्। यस्तोमा समाजवाद भनेपछि प्रत्येक नागरिकले योग्यता अनुसार काम तथा काम अनुसार दाम पाउने व्यवस्था भएको शासन प्रणाली बुझ्ने हुनाले सबै संसद्वादी राजनीतिक पार्टीहरूले मतदातालाई आफूतिर आकर्षित पार्न समाजवादको नारा चर्को रूपमा उठाउने गरेको देखिन्छ। वास्तवमा संसारभरि विद्यमान दलाल, पूँजीवादी व्यवस्थाले कुनै पनि समस्या समाधान गर्न सकेको देखिएन। बरु एकपछि अर्को सङ्कट थप्दै गएको मात्रै देखिन्छ। आजको युगमा आएको पर्यावरणीय सङ्कट पनि दलाल पूँजीवादद्वारा गरिएको प्रकृतिको अति दोहन तथा अप्राकृतिक उपभोगकै समस्या हो भन्ने कुरामा अब कुनै शङ्का छैन। पर्यावरणीय क्षतिबाट संसारलाई जोगाउनुपर्ने अवस्थामा झन् एकपछि अर्को युद्ध थोपरेर पर्यावरणमाथि विकराल सङ्कट निम्त्याएको स्पष्ट देखिन्छ।

मानव समाजको विकासक्रम ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट हेरिनु जरूरी छ। यस दर्शनले स्पष्ट बताउँछ कि जसरी आदिम साम्यवादी युग (जङ्गली अवस्था)कै गर्भमा दास युगले जन्म लिएको थियो, दास युगकै गर्भमा सामन्ती युगले जन्म लिएको थियो। सामन्ती युगको गर्भमा पूँजीवादी युगले जन्म लिएको थियो; ठीक त्यसैगरी पूँजीवादी युगकै गर्भभित्र समाजवादी युगले पनि जन्म लिइसकेको छ। तर यो कुरा अरूले थाहा नपाऊन् साथै पूँजीवादी सत्ता अनन्तकालसम्म टिकाइराख्ने उद्देश्यले यतिबेला तथाकथित कम्युनिस्ट नामधारी पार्टीहरू तथा गैरकम्युनिस्ट पार्टीहरू सबैले समाजवादको झन्डा, नीति, नियमलाई केवल देखावाको लागि प्रयोग गरेका छन्। वास्तवमा यिनीहरू सबै बुर्जुवा पार्टीमा रूपान्तरण भइसकेका छन्।

यसरी कम्युनिस्टको भ्रम सिर्जना गरेर संसद्वादी पार्टीहरूसमेत बाँचिरहेका छन्। मानौं उनीहरू नै एक नम्बरका कम्युनिस्ट हुन्।

मानव समाजको विकास र गतिलाई हेर्ने दुई विश्व दृष्टिकोण छ। एउटा मार्क्सवादी अर्थात् द्वन्द्वात्मक भौतिकवादी र अर्को आदर्शवादी। आदर्शवादीले मानव समाजलाई राजा–महाराजा, सम्राटहरू, वीर योद्धाहरू, महाशक्तिशाली पुरुष तथा स्त्री, विद्वान् वा ईश्वरको कृपा वा इच्छाले मात्र बदल्छ वा चलाउँछ भन्छ तर द्वन्द्वात्मक भौतिकवादीहरूले यसको ठीक उल्टो मानव समाजमा विकासको ढोका खोल्दछ अर्थात् बदल्छ भन्ने मान्दछ। मानव समाजमा आर्थिक, राजनीतिक र सामाजिक सम्बन्धहरू र चेतनाका विभिन्न रूपहरू समग्रमा भन्दा उत्पादन सम्बन्ध निर्माण एवं विनाश गर्न मुख्य उत्प्रेरकको भूमिका उत्पादन शक्तिले नै खेल्दछ। एउटा युगको उत्पादक शक्तिको रूपमा धेरै चीज रहन सक्छ तर तीमध्ये मुख्य उत्पादक शक्तिले नै त्यो मानव युगलाई टिकाउन, भत्काउन र नयाँ युगमा पुर्‍याउन मुख्य भूमिका खेल्दछ भन्ने विषयलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले विशेष जोड दिन्छ।

ऐतिहासिक भौतिकवादी धारणा अनुसार यतिबेला नेपाली समाज दलाल पूँजीवादी व्यवस्थाको चौथो चरणमा हिंडिरहेको छ। दलाल पूँजीवादी व्यवस्थाभित्र भएको विज्ञान र प्रविधिको विकासले गर्दा उत्पादनमा प्रचुरता ल्याउन सफलता हासिल भइसकेको छ। अबको समाज कसैले चाहेर वा नचाहेर दलाल पूँजीवादबाट जाने समाजवाद नै हो। त्यसैले सबै राजनीतिक पार्टीहरू मतदातामा एक प्रकारको आकर्षण पैदा गर्न तथा भ्रम छर्न समाजवादको नारा दिने गरेको देखिन्छ।

यतिबेला करीब १५ प्रतिशत इजरायलको जनसङ्ख्याले विज्ञान प्रविधिको प्रयोग गरेर शत प्रतिशत इजरायलीलाई कृषिजन्य अन्न, माछामासु, तरकारीलगायत उपभोग्य वस्तु पर्याप्त बनाएर विदेशमा समेत निर्यात गरिरहेको छ। यस प्रकार संसारका सबै देशले आआफ्नो ठाउँमा प्रत्येक क्षेत्रमा विज्ञान र प्रविधिको प्रयोग गर्ने हो भने संसारबाट गरीबी, बेरोजगारी, अभाव तथा मुठ्ठीभरि मानिसद्वारा लाखौं–करोडौं मानिसमाथि लादिएको विभिन्न प्रकारका शोषण, दमन, उत्पीडन, विभेदलगायत सम्पूर्ण विकृति समाप्त गरेर सजिलै खुशीको वातावरणमा सबैको सहज पहुँचभित्र शिक्षा, स्वास्थ्य, गाँस, वास, कपास, सडकलाई पुर्‍याउन सकिन्छ। मानव समाजलाई विभेदरहित, शोषणरहित तथा अभावरहित बनाउन सकिन्छ। तर यो सबै कार्यको मुख्य तगारोको रूपमा यतिबेला हाम्रो अगाडि दलाल पूँजीवाद उभिएको छ।

दलाल पूँजीवादी व्यवस्थाको जालोभित्र संसारका सबै मानिस सास फेर्न समेत नपाएर छटपटाइरहेका छन्। यतिबेला राजनीति नै सबैभन्दा ठूलो धन कमाउने धन्दाको रूपमा विकसित हुन पुगेको छ। शिक्षा र स्वास्थ्य संसारमा सेवा होइन, केवल राम्रो धन्दाको रूपमा स्थापित हुँदै गएको छ। फलस्वरूप सर्वसाधारण नागरिकको पहुँचभन्दा निकै टाढा शिक्षा र स्वास्थ्य पुगेको वर्तमान अवस्थामा संसद्वादमा फसेका, दलाल पूँजीवादी व्यवस्थाका दलालहरू जो तथाकथित कम्युनिस्ट पार्टीको नाममा आफ्नो पुरानो इतिहास भजाएर खाने काम गर्दैछन्, उनीहरूले नै यतिबेला सबैभन्दा बढी समाजवाद वा वैज्ञानिक समाजवादको चर्को नारा भट्याउने गरेको देखिन्छ। वास्तवमा यिनीहरूको अब समाजवाद वा वैज्ञानिक समाजवादसँग टाढाको साइनो पनि रहेको छैन।

# एकैपटक सञ्चालनमा आए प्राधिकरणका तीन ठूला सवस्टेशन

काठमाडौं, २० साउन/रासस

आखिर गरे के हुँदो रहेनछ। सरकारको स्पष्ट दिशा निर्देश। नेपाल विद्युत् प्राधिकरणको निरन्तरको अनुगमन तथा परिचालन। ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयको निरन्तर समन्वयका कारण एकैपटक पूर्वी नेपालका तीन ठूला सबस्टेशन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन्।



तस्वीर: रासस

प्रसारण पूर्वाधारको अभावमा निर्माण सम्पन्न भएका जलविद्युत् आयोजनाले अब भने बिजुली खेर फाल्नुपर्ने छैन। निर्माणमा रहेका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाले पनि अब निश्चिन्त भएर लगानी गर्न सक्ने भएका छन्। उच्च क्षमताका प्रसारण पूर्वाधारका कारण पूर्वी नेपालका पहाडी क्षेत्रमा निर्माणमा जाने तयारीमा रहेका आयोजनाले अब पूर्ण क्षमतामा आयोजना सञ्चालन गर्न सक्नेछन्। प्राधिकरणले एकै दिन २२० किलो भोल्ट क्षमताका तीन सबस्टेशन सञ्चालनमा ल्याएको छ।

प्राधिकरणले निर्माण सम्पन्न भएका सुनसरीको इनरुवा र सङ्खुवासभाको तुम्लिङटार तथा बानेश्वर २२० केभी सबस्टेशनमा बिहीवारबाट विद्युत् प्रवाह (चार्ज) गरी सञ्चालनमा ल्याएको छ। कुल २२०/१३२/३३ केभी तुम्लिङटार र २२०/३३ केभी बानेश्वर सबस्टेशनमा क्रमशः २६० एमभिए र ६० एमभिए क्षमताका पावर ट्रान्सफर्मर जडान भएका छन्।

साथै कोशी करिडोर प्रसारण लाइन आयोजना अन्तर्गत इनरुवा–तुम्लिङटार खण्ड सिङ्गल सर्किट प्रसारण लाइन २२० केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको छ। प्रसारण लाइनको लम्बाइ १०५ किलोमिटर छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारण लाइन र सबस्टेशन सञ्चालनमा आएपछि प्रदेश नं १ का पहाडी जिल्लामा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न र वितरणका लागि मेरुदण्डका रूपमा पूर्वाधार तयार भएको जानकारी दिए। कुल २२० केभी प्रसारण लाइन र सबस्टेशन सञ्चालनमा आएपछि त्यस क्षेत्रमा भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय भएको उनले उल्लेख गरे।

“मोरङ–सुनसरी औद्योगिक करिडोरमा सुनसरीको दुहबी सबस्टेशनबाट मात्र आपूर्ति हुँदा भोल्टेज, ट्रिपिङलगायतको समस्या थियो, अब दुहबी सबस्टेशनको लोड इनरुवा सबस्टेशनमा सार्न सकिने भएकोले उद्योगलाई थप विद्युत् दिन सकिन्छ साथै भोल्टेज, ट्रिपिङलगायतका समस्या समाधान हुन्छ,” उनले भने।

सङ्खुवासभा, भोजपुर र तेह्रथुम जिल्लाका विद्युत् आयोजनाका विद्युत् गृहमा पनि ट्रिपिङ हुने समस्या थियो। अब त्यो समस्या पनि समाधान हुनेछ, कोशी करिडोर प्रसारण लाइनमार्फत आएको विद्युत् त्यस क्षेत्रमा खपत गरी बढी भएमा धनुषाको ढल्केबर सबस्टेशनमार्फत भारततर्फ निर्यात गर्न सकिनेछ।

नेपाल सरकारको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना अन्तर्गत मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरणका लागि २२०/१३२/३३ केभी इनरुवा सबस्टेशनको निर्माण गरिएको हो।

नेपाल सरकारको लगानी र भारत सरकारको निर्यात आयात (एक्जिम) बैंकको सहुलितपूर्ण ऋणमा कोशी करिडोर २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत तुम्लिङटार, वसन्तपुर र बानेश्वरमा सबस्टेशन र प्रसारण

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३५ | २०७९ साउन २१ गते शनिवार | 2022 August 06 Saturday 

# रमियाको चितापछि प्रश्न

कथा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

"अहिले मान्छेहरूले बिर्सिसके कि यहाँ कुनै दिन एउटा बस्ती थियो। यस बस्तीले अनेक सभ्यताको जन्म दिएको थियो।" रमियाको काँधमा हात हाल्दै खेन्हरियाले भन्दा रमियाको अनुहारमा विस्मयको भाव देखियो।

"तिमी मरेको चार दिन भएको छैन, तर यो मूर्घटियामा बस्ती थियो भन्छौ। जिउँदो रहुन्जेल कहिल्यै यस्तो कुरा गरेनौ।" काँधबाट हात झट्कार्दै रमियाले अस्वीकारोक्तिपूर्ण संशय व्यक्त गरी।

"तिम्रो चिताको आगो पनि निभिसकेको छैन। शायद श्राध भएपछि तिमी यहाँ देखा पनि पर्दिनौ। तर म चाहिं यहीं दुईचोटि चितामा राखी भइसकेको छु। तेस्रोचोटि पनि यही मर्ने रहर छ।" अलिक गम्भीर भएर खेन्हरियाले भन्यो।

"तिमी पुरुषहरूलाई सजिलो छ। जहाँ जन्म्यो त्यहीं मर्न पाउँछौ तर हामी महिलाको कुनै ठेकानै हुँदैन। जन्म हुने गाउँ एउटा हुन्छ र बिआह भएर जाने गाउँको ठेकान हुँदैन जहाँ मर्नुपर्छ। बिआहपछि महिलाले आफ्नो पहिचान पनि गुमाउनुपर्छ। महिलाको नाम पनि हराउँछ। नइहरको गाउँको नामबाट बोलाइने नयाँ नाम हुन्छ। कहाँ जन्मनु परेको थियो र कहाँ मर्छ भन्ने सम्झना गर्न महिलाले आवश्यकै पर्दैन। अहिले लमाहा र चानीको पानी एक ठाउँमा मिसिएजस्तो महिलाको जीवन यात्रा कहाँ कहाँ भएर गुज्रिन्छ महिलालाई थाहै हुँदैन। मैले पहिले–पहिले कहाँ मर्नुपरेको थियो भन्ने सम्झना पनि गर्दिनँ। तिमीलाई यस ठाउँको किन माया लागेको होला, खेन्हा ?"

खेन्हरियालाई खेन्हा भनेरै सबैले बोलाउँथे। कसैले दुलार गरेर खेन्हाइ पनि भन्थे। ऊ मरेको चार दिनपछि उसको बोलाउने नामबाट सम्बोधन सुन्दा अलिक सुखद अनुभूति भयो उसलाई। उसले भन्यो – "ऊ तिम्रो चिता हो। यो मेरो चिता हो। चितामा सुतेपछि शरीर हुने भनेको खरानी नै हो। तर मलाई यहीं पुनःपुनः खरानी हुने रहर छ। एकचोटि चितामा सुतेपछि फेरि यहाँ चितामा सुत्न आउन कैयन सय बरिस लाग्छ।"

बीचमा कुरो काट्दै रमियाले तर्क दिई –"यो त देखिरहेको छु कि एकातिरबाट लमाहा बगेकी छ, अर्कोतिरबाट चानी आएर मिसिएकी छ। लमाहा र चानीको मिलनस्थल त जीवन र मृत्युको सङ्गमस्थल हो। साधारण शरीरधारी मानिस भन्दछ कि मानिसको अन्तिम संस्कार हुन्छ यहाँ। यो मूर्घटिया हो। तर हामीजस्ता भौतिक शरीर चर्मचक्षुले देख्न नसकिने सूक्ष्म शरीरधारीले बुझ्दछौं कि यहाँबाट मानिसको वास्तविक जीवन शुरू हुन्छ। तर तिमी किन यहाँ बारम्बार आउन चाहन्छौ, त्यो भन न।"

"कुनै हतार नहुने त हामी मात्र न हौं। अब मेरो श्राध भएपछि बल्ल मलाई कहीं कतै जाने अवसर मिल्छ। तिमीलाई त अझै यहाँ धेरै दिन बस्नुछ। तिम्रो उत्सुकता धेरै छ। भर्खर मानव शरीर छोडेकालाई केही दिनसम्म मानवीय भोक, तिर्खा, हतार, उत्सुकता र दैनिकीको तलतल लागिरहन्छ। यसैमा तिमी अलिक बोल्न मन पराउनेमा पनि पर्छ्यौ।" थोरै मुस्कानसाथ व्यङ्ग्यमिश्रित जिस्क्याइ रमियाले पनि बुझी। अनि रमियाले भनी – "शायद यही होला तर तिमीले मेरो उत्सुकतालाई झन् धकेलिरहेका छौ।

"ऊ त्यो परको चौर देखिरहेकी छ्यौ ? हो, त्यो दोहर हो। जयनगरको दोहर। मुस्लिमहरूले त्यस नगरमाथि जय गर्नु अघिसम्म त्यसको नाम देवग्राम थियो। यहाँका सज्जनहरू देवतासमान थिए। सर्वसाधारण नै देवता समान थिए। जब देवग्राममाथि सिमरौनगढतिरबाट विजय गर्दै आएका मुसलमानहरूले आक्रमण गरी जय हासिल गरे तबदेखि यो जयग्राम कहलिन थाल्यो। म साक्षी छु यसको। अहिलेको जन्ममा बल्ल सुनें –जयग्राम पनि जयनगर भइसकेछ। समय फेरिएको छ, बस्तीमा धेरै बदलाव आएको छ तर प्रकृति त उही हो। मजस्ता धेरै जीवनयात्रीले यो दृश्य देखेको र देखिरहेको हुनुपर्छ।" खेन्हाले रमियाको उत्सुकता झन् बढायो।

"अनि अघि तिमीले भनेको धेरै सभ्यताको जन्म दिएको बस्ती त्यो देवग्राम थियो कि अहिले हामी बसेको ठाउँको ? कि दुवै ग्राम एकै थिए ?"

खेन्हाले स्पष्ट पार्‍यो। "त्यो देवग्राम थियो र यो गेंडाही। गेंडा (गैंडा) बस्ने ठूलो जङ्गल थियो, गेंडालाई धपाएर बसेको बस्ती गेंडाही कहलियो र कालान्तरमा गेडही हुन पुग्यो।"

"हैन, गेडही ऊ त्यो गाउँ होइन ?" रमियाले फेरि प्रश्न गरी।

रमिया अधीर थिई वा छे। तातो सवालको तत्काल जबाफ खोज्ने बानी कुन्नि कुन जन्म वा गाउँमा कहिले पसेको हो, उसलाई थाहा छैन। झन् केही दिन पहिले मात्र आफ्नो शरीरलाई जलाएको देखेकी छे। मरेपछि तत्कालै मुक्ति खोज्ने रमियालाई कहीं पनि प्रतीक्षा पट्यार लाग्छ।

खेन्हाले नम्र भएर भन्यो – "हो, त्यहीं हो गेडही। तिम्रो घर, मेरो पछिल्लो जन्म गाउँ। तर मेरो यसभन्दा पहिलेको जन्म अहिले हामी बसेको ठाउँमा भएको हो। पहिले गेडही यही लमाहा र चानीको सङ्गमस्थलमा थियो। सङ्गमभन्दा उत्तरको जुन अनकन्टार, दुर्गम र दुर्जन ठाउँ हो, यही हो हजारौं वर्ष पुरानो इतिहास भएको गेडही।"

"अनि किन र कसरी त्यहाँ गयो गाउँ ?" रमियाको जिज्ञासा झन् बढ्यो।

"देवग्राममाथि जय गरेपछि मुसलमानहरू गेडहीमाथि पनि आक्रमण गर्ने योजनामा थिए तर यस गाउँका केही वीरहरू देवग्राममा आक्रमण नगर्न आग्रह वा सम्झौता गर्न गए। तिनीहरूले मानेनन्, झडप भयो। कोही पनि हारेन। केही दिन समय शान्त रह्यो। अनि फेरि आक्रमण गर्ने कुरो सुनियो। फेरि वीर युवकहरूको टोली पुग्यो। दोहराएर कुराकानी भयो, झगडा भयो, झडप भयो। फेरि पनि कोही हारेन।

त्यही दोहराएर झडप भएको ठाउँ दोहर हो। दोहोरो सहमति भएको ठाउँ दोहर हो।

तर पनि गेडहीमा डर थियो। राति आरामले निद्रा लाग्दैनथ्यो गेडहीलाई। अनि एक दिन छलफल गरेर नकटीमाईलाई साक्षी राखी यहाँभन्दा केही पूर्व गेडही बसाइँ सर्‍यो। यस गाउँमा दोस्रोचोटि लमाहालाई भेट्न चानी मोडिएको कुनामा बसेको गेडहीमा जन्मेको हुँ। अहिले पुर्नी गेडही भनिने ठाउँ तीनतिरबाट पानीले घेरिएको एकदमै सुरक्षित थियो। पूर्व र दखिनमा एउटै नदी, गाउँसँगै टाँसिएर बहने एउटा ठूलो पैनी थियो जुन ओलारमा गएर चानीमा मिसिन्थ्यो। सबैमा बारै महीना पानी बहन्थ्यो। अझ पश्चिमबाट यही लमाहा नदीले सुरक्षित पारेको अत्यन्त रमणीय ठाउँ थियो। अहिले भद्रगोल बन्दैछ।"

खेन्हाको कथा सुन्दासुन्दै नजीकै रमियाले देखिन् नकटीमाईलाई। नकटीमाईको नामोच्चारण गरेको थियो खेन्हाले। नाम उच्चारण भएपछि देवी प्रकट भइन्। लमाहा र चानीको सुन्नर मिलन भएको ठाउँकी देवी हुन् नकटीमाई। आज पनि नकटीमाई पूजित देवी हुन्।

जीवित शरीर भएको भए रमिया एकदमै डराउँथी देवीलाई देखेर। वा देवीलाई देख्न सक्दिनथी। मरेपछि देउता र मानिस बराबर हुन्छन्। कुरा गर्न सक्छन्। सँगै बस्न सक्छन्। मनको गतिले हिंड्न सक्छन्। शरीर नभएपछि खानाको आवश्यकता पर्दैन, तिर्खा लाग्दैन। अर्पण र तर्पणको भाव भनूँ वा अंशले शक्ति प्राप्त हुन्छ। स्फूर्ति र आलस्य दुवैमाथि विजय हुन्छ। कहीं कतै नाम लिएर वाणी वा हृदयले बोलाउँदा सुन्छन्। त्यसैले नामोच्चारण हुनासाथ सुन्नरमाई उपस्थित भएकी थिइन्। आफ्नो संशय दूर गर्न रमिया प्रश्न तेर्स्याउँछिन् –

"मलाई कति दिनसम्म यसरी यताउति गरिरहनुपर्छ ?"

"यहाँ मेरो संरक्षणमा बस्न पाउने भनेकै श्राद्ध नहुन्जेल हो। धेरै पहिले श्राद्ध सकिएपछि पनि बस्ने अनुमति दिन्थें र मन लागुन्जेल रमाइरहने छुट दिएको थिएँ तर यस छुटको बेफाइदा उठाउँदै मेरा प्रिय ग्रामवासीलाई केही आत्माले दुःख दिन थालेका थिए। त्यसैले अब यहाँ कसैलाई बस्न दिन्नँ। जो जति प्रिय भए पनि आफ्नो निर्धारित समयमा यहाँबाट जानुपर्छ।" नकटीमाईको जबाफ सुनेर रमिया ढुक्क भई। नकटीमाईले फेरि थपिन् –"यो खेन्हरियालाई थाहा छ, यहाँको नियम। यो अनुभवी हो। यसलाई मानिस कसरी आउँछ र जान्छ भन्ने राम्ररी थाहा छ। जहाँसम्म मलाई सम्झना छ – यस गाउँमा यो दुईपटक आइसक्यो।"

"के तपाईं मूर्घटियाकी देवी हो ?"

"ए, खेन्हा ? तिमी शान्त छौ अहिले। अलिकति बताइदेऊ त मेरो बारेमा।"

अनि खेन्हाले सम्झाउँदै भन्यो रमियालाई–"मुर्दा लिएर आउनेहरूले पूजा गर्दैनन्। तिमी छठ पबनी गर्न आउँदा यहाँ पूजा गर्थ्यौ कि गर्दिनथ्यौ ?"

"जनिजातहरू मुर्दा जराउन कहिल्यै आउँदैनन्। त्यसैले मैले थाहा नपाएकी हुँ। छठमा त मैले धेरै पूजा गरेकी छु नकटीमाईको। तर पनि मलाई जान्न मन लाग्यो कि नकटीमाईलाई यस गाउँले जन्मायो कि नकटीमाईले यस गाउँलाई जन्म दिएकी हुन् ?" रमियाको प्रश्नको अन्त छैन।

"दुवै गलत हुन्। वैशालीबाट नदीको किनारैकिनार मानिसको एउटा हुल यस दुईतिर भनूँ वा तीनतिरबाट नदी भएको र पानीको कहिल्यै कमी नहुने ठाउँमा आएर बस्न खोज्दा गेंडाले आक्रमण गरेको थियो। किनभने यहाँ गेंडाहरूको बथान बस्थ्यो। गेंडाको बस्तीमाथि मानिसको हस्तक्षेप भएको थियो। जङ्गली जानवरसित लड्न सबैभन्दा ठूलो हतियार आगो थियो। लप्कायुक्त अगुल्टाले लखेटेपछि उत्तरतिर भागेका गेंडाहरू कहिल्यै फर्केनन्।" खेन्हा बेलीबिस्तार लगाउँदै थियो कि रमिया फेरि बीचमा बोलीहाली –"तिमी प्यास मरेपछि पानी दिन्छौ।"

"अर्काको भरमा आफ्नो तिर्खा

(बाँकी पाँचौं पातामा)

# भाथाधामको उत्थानमा उदासीन सरकार

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

मधेस प्रदेश अन्तर्गत पर्सा र बारा तथा वाग्मती प्रदेशको मकवानपुर जिल्लाका केही भाग समेटेर पर्सा राष्ट्रिय निकुञ्ज फैलिएको छ। ५०० देखि ९५० मिटर अग्लो चुरे पर्वतमाला, वनजङ्गल तथा जीवजन्तुहरूका साथै निकुञ्जभित्र विभिन्न धार्मिक पर्यटन स्थलहरू छन्। पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार मानेर विसं २०७४ वैशाख २५ को मन्त्रिपरिषदको निर्णयले विसं २०४० मा घोषणा भएको पर्सा वन्यजन्तु आरक्षलाई पर्सा राष्ट्रिय निकुञ्जमा परिणत गरिएको थियो। यद्यपि विसं २०४० देखि हालसम्म विगत ३९ वर्षमा पर्सा राष्ट्रिय निकुञ्ज पर्यटन प्रवर्द्धनमा अपवादबाहेक खासै फड्को मार्न सकेको छैन।



जल भर्दै जीतेन्द्र पटेल तथा उनकी छोरीद्वय अञ्जली पटेल तथा सेल्फी लिंदै जेनिसा पटेल।

पर्सा राष्ट्रिय निकुञ्जभित्र हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र भाथाधाम अवस्थित छ। चुरे पहाडको डाँडामा दुग्धेश्वरनाथ महादेव विराजमान छन्। पर्सा र बारासँगै भारत, बिहार र उत्तर प्रदेशका भक्तजनका लागि धार्मिक पर्यटनको गन्तव्य हो। पर्साको सोनबर्सा, गादी, सेढवा तथा सुवर्णपुर हुँदै भाथाधाम जाने धार्मिक पर्यटकहरूको लर्को साउन महीनामा हेर्न लायक हुन्छ। श्रद्धालुहरूको आकर्षणको केन्द्र भाथाधामप्रति सरकारी दृष्टि कुनै पनि कोणले प्रशंसायोग्य भन्न लायक छैन।

पर्सा जिल्लाको मात्र कुरा गर्ने हो भने सङ्घीय प्रतिनिधिसभा सदस्य–४, प्रदेशसभा सदस्य–८ र पालिका प्रमुख र उपप्रमुख गरी दर्जनौं जनप्रतिनिधि, स्थानीय विकास तथा जनताको उन्नतिको कल्पनासहित अस्तित्वमा छन्। तर प्रगतिपरक कार्यका लागि दलीय एकता, गठबन्धन, नारा, धर्ना, जुलूस, विज्ञप्ति आदि न देखिन्छ न सुनिन्छ। तर विडम्बना नै भन्नुपर्छ स्वार्थपरक कार्यका लागि राजनीतिकर्मीहरू अर्कै ग्रहबाट शक्ति प्राप्त गरेझैं शक्तिमान् बन्छन्। नारा र जुलूससहित असामान्य शक्ति प्रदर्शन गर्न पछि हट्दैनन्।



मन्दिरनिर साथीहरूसँग सेल्फी लिंदै सरोज कुशवाहा।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरूले विकासको नाममा प्रतिवर्ष करोडौं रुपियाँ खर्च गरिरहेका छन्। यसको अलावा पालिकाहरूको कुरा गर्ने हो भने पर्यटन विकासको नाममा प्रत्येक वर्ष प्रशस्त रकम छुट्याउँदै आएका छन्। छुट्याइएको सो रकमबाट पर्यटन विकासको काम शून्य र स्वहिततर्फ बढी क्रियाशील देखिन्छन्। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको चुनावलाई लक्षित ललिपप बाँड्ने काम हुन थालेको छ। कतै पर्साको सोनबर्सादेखि धोरे गाउँसम्म सडक शिलान्यास हुँदैछ भने कतै चिडियाखानाको अवधारणा चर्चामा ल्याइँदैछ। मङ्सिर ४ गते चुनावको घोषणा भएसँगै चुनाव नसकुन्जेल गाउँगाउँमा विकासको बाढी आउने पक्का छ। निर्माणाधीन तिलावे पुल, पथलैया–वीरगंज करिडरको सडकजस्ता अति आवश्यक विकास निर्माणको उदाहरणीय ढिलाइ छर्लङ्ग छ। यदि यो चुनाव भदौमा तोकिएको भए साउन महीनाभरि राजनीतिकर्मीहरूको टेन्ट भाथाधाममा हुन्थ्यो। किनभने एउटै थलोमा भाषण गरेर ठूलो सङ्ख्यामा मतदातालाई लोभ्याउन पाइन्थ्यो।



सिन्दुर तथा पोतेमाला लगाएकी शारदादेवी परिवारसहित। तस्वीरः सन्दीप यादव

पर्साको सोनबर्सा कटेपछि जङ्गल पर्छ। दुई किमि उत्तर जङ्गलभित्र वनशक्ति माता (रूखबिरुवाको पात चढाएर पूजा गर्ने हुनाले पतइया माता पनि भनिन्छ) को मन्दिर अवस्थित छ। त्यहाँ माता वनशक्तिको पूजापाठ गर्नुका साथै केही समय विश्राम गरी भक्तजन भाथाधामतर्फ प्रस्थान गर्दछन्। वनशक्ति माताको स्थानदेखि झन्डै एक किमि उत्तर फायर लाइनमा नेपाली सेनाको आधार शिविर पर्छ। त्यहाँ साउन महीनाभरि भुजा, पकौडा, जलेबीलगायत खाजाका पसलहरू सञ्चालन हुन्छन्। फायर लाइनदेखि भाथाधाम झन्डै सात/आठ किमि टाढा पर्छ। प्रायःजसो भक्तजन भाथाबाट फर्किने बेला त्यहाँ नाश्ता गर्नुका साथै केही बेर विश्राम गरी घरतर्फ प्रस्थान गर्दछन्।

भाथाधामको विकास गर्न सके आन्तरिकदेखि बाह्य पर्यटकका लागि धार्मिकसँगै जङ्गल सफारीको पर्यटन केन्द्र बन्न सक्छ। भाथाधामको उत्थानको निम्ति सकारात्मक अवधारणासहित अघि बढ्नुपर्छ। यसले सरकारी श्रीवृद्धि हुनुका साथै जङ्गल आसपासका क्षेत्रको विकास हुन्छ। यति मात्र होइन, यसले रोजगार सृजना हुनुका साथै स्थानीय उन्नति र प्रगति सम्भव छ। सोनबर्साको स्तरोन्नति गरी सोनबर्सादेखि भाथाधामसम्म सके ओभर ब्रिजको निर्माण वा नसके बाटो निर्माण गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नुपर्छ। भाथाधामको उत्थानमा सबै तहका सरकारहरूले ध्यान दिनुपर्छ।

साउन महीनाभरि भाथाधाममा श्रद्धालुजनको ओइरो लाग्छ। जङ्गल कटेपछि पूर्वतर्फ चुरे पहाडमा दुग्धेश्वरनाथ महादेवको मन्दिर दृष्टिगत हुन्छ। पश्चिमतर्फ खोला छ। अहिले रात्रि विश्रामको लागि जीर्ण विद्यालय भवन र उहिले चुरे पहाडमा निर्मित एकाधवटा धर्मशालाबाहेक ओत लाग्ने अरू कुनै व्यवस्था छैन। हजारौंको भीडमा सीमित सुरक्षाकर्मीको उपस्थितिले व्यवस्थापन कहालीलाग्दो छ। मेला समिति व्यवस्थापकीय कार्यभन्दा पसलबाट उठाइने शुल्क, पार्किङ शुल्क र मन्दिरको चढावाप्रति बढी केन्द्रित हुनु व्यवस्थापन कमजोर हुनुको मुख्य कारण देखिन्छ।

पर्साको भाथाधाम अवस्थित दुग्धेश्वर महादेव मन्दिरमा गएको सोमवारका दिन जल अर्पण गर्न पुगेका भक्तजनमध्ये केहीको धारणा र राय सुझाव यस प्रकार छ :–

**जीतेन्द्र पटेल, बगही**

सोमवारको दिन म वीरगंज–२८ बगहीदेखि भतौडा हुँदै भाथाधाम गएको थिएँ। भीडसँगै म पनि जसोतसो भाथाधाम पुगें। दर्शनार्थीहरूको उपस्थिति बाक्लो थियो। रु पचास तिरेर मोटरसाइकल पार्किङ गरें। खोलामा स्नान गरेपछि जल लिएर बाबा दुग्धेश्वरनाथ मन्दिरतर्फ प्रस्थान गरें।

भाथाधामको सबैभन्दा राम्रो पक्ष भनेकै प्राकृतिक वातावरणमा विराजमान दुग्धेश्वरनाथ महादेव हुन्। तर भक्तजनमैत्री वातावरणप्रति मेला समिति, प्रशासन र सुरक्षा निकायको भूमिका अझ चुस्त हुनुपर्छ। जल अर्पण गरेर फर्किने क्रममा मन्दिरको पूर्वतर्फबाट निकासको व्यवस्था गरिएको छ। तर साँघुरो भएकोले पानी पर्दा वा अत्यधिक भीड भएमा दुर्घटनाको जोखिम पनि उत्तिकै छ। यसको अलावा तल झरेपछि ब्यारेक हुँदै एकतर्फी फर्किने व्यवस्था राम्रो भएपनि त्यसतर्फ ठाउँठाउँमा शीशाका ससाना टुक्रा छरिएकोले भक्तजनलाई जोखिम हुने आशङ्का छ। सोको सरसफाइ गरे राम्रो हुन्थ्यो।

अर्को कुरा जङ्गलभित्रको बाटो अभिभावकविहीनजस्तै छ। मानिस र सवारीको अत्यधिक चापले आवागमन निकै सास्तीपूर्ण छ। ट्राफिक व्यवस्थापन नहुँदा तीस मिनेटको दूरी पार गर्न घण्टौं लाग्ने गरेको छ। केवल सात/आठ किमिको दूरी करीब साढे तीन घण्टामा मैले पार गरें।

**शारदा देवी, पर्सागढी नपा–४, बर्वाटाडी**

म गत सोमवार परिवारसहित पर्सागढी नगरपालिका–४, बर्वाटाडीदेखि

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–८८



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

तदन्तर पाण्डव र पाञ्चाल वीरहरूले कर्णको निन्दा गर्दै चारैतिरबाट एकसाथ त्यहाँ आइपुगे । कर्णमाथि उनीहरूको दृष्टि परेपछि उनीहरूले उच्च स्वरले गर्जना गर्दै भने– यो पाण्डवहरूको कट्टर शत्रु हो, महान् पापी हो । सम्पूर्ण अनर्थको जरो पनि यही नै हो । यसले दुर्योधनको हो मा हो मिसाइरहन्छ । यसलाई मारिहाल, यस्तो भन्दै सबै क्षत्रिय वीर कर्णको वध गर्नको लागि उनीमाथि जाइलागे र बाणको भारी वर्षा गर्न थाले । ती सबै वीरले आफूमाथि हमला गरिरहेको हेरेर महाबली कर्णले आफ्ना तीखा बाणहरू प्रहार गरेर पाण्डवसेनालाई अगि



बढ्नबाट रोकिदिए । त्यति बेला हामीहरूले कर्णको अद्भुत पराक्रम हेर्‍यौं । महारथी कर्णले राजाहरूको बाणसमूहको निवारण गर्दै उनीहरूका रथ र घोडाहरूमाथि कर्ण नामक बाण प्रहार गरे । ती बाणहरूबाट तिनीहरू व्याकुल भएर यत्रतत्र भाग्न थाले । कर्णका सायकहरूबाट आहत भएर हात्ती, घोडा र रथीहरू मरिरहेका देखिन्थे ।

कर्णको त्यस फुर्तीलाई अर्जुनले सहन गर्न सकेनन् । उनले कर्णमाथि तीन सयवटा बाण हाने । अनि उनको देब्रे हातलाई एउटा बाणले छेडे । त्यसको कारणले कर्णको हातबाट उनको धनुष तल झर्‍यो तर आधा निमेषमैं उनले अर्को धनुष पुनः उचालिहाले र अर्जुनलाई बाण समूहले ढाकिदिए । अर्जुनले हाँस्दाहाँस्दै ती बाणहरूको संहार गरिहाले । ती दुई आपस्तमा भिडेर परस्पर बाणहरूको वृष्टि गर्न थाले । यत्तिकैमा अर्जुनले कर्णको पराक्रम हेरेर बडो शीघ्रतापूर्वक उनको धनुषलाई बीचबाट काटिदिए । अनि चारवटा भल्ल हानेर उनका घोडाहरूलाई यमलोक पठाइदिए । त्यसपछि उनको सारथिलाई पनि गिडिदिए । तत्पश्चात् चारवटा बाण हानेर उनको शरीरलाई बिंधिदिए । ती बाणहरूबाट कर्णलाई बडो पीडा भयो र उनी अश्वहीन रथबाट हाम्फालेर कृपाचार्यको रथमाथि सवार भए । त्यति बेला उनका सर्वाङ्ग बाणबाट बिंधिएका थिए, यसबाट उनी कण्टकमय दुम्सीझैं देखिंदै थिए । कर्णलाई परास्त भएको हेरेर धनञ्जयको बाणबाट त्रसित भएका तपाईंका योद्धाहरू यत्रतत्र भागे ।

उनीहरूलाई भाग्दै गरेको हेरेर दुर्योधनले उनीहरूलाई फर्काउन थाले । उनले भने– शूरवीरहरू हो, तिमीहरू श्रेष्ठ क्षत्रिय हौ । हेर, म स्वयम् नै अर्जुनको वध गर्न गइरहेको छु । पाञ्चाल र सोमकहरूको साथ अर्जुनलाई स्वयम् नै मार्नेछु । यति भनेर क्रोधित भएका दुर्योधन सेनाको ठूलो डफ्फाको साथ अर्जुनतिर लागे । यो हेरेर कृपाचार्यले अश्वत्थामा छेउ गएर भने– आज यी राजा दुर्योधन अमर्षले भरिएका छन्, क्रोधले यिनको सुद्धि हराइसकेको छ । जसरी फटयाङ्ग्रा डढ्नको लागि दियोसम्म जान्छ, त्यसै प्रकार यिनी आफ्नो सर्वनाश गर्नको निम्ति अर्जुनसित लड्न गइरहेका छन् । हामीहरूकै सामु पार्थसित भिडेर यिनले आफ्नो प्राण गुमाउनुभन्दा पहिले नै यिनलाई तपाईंले गएर रोक्नुस् ।

आफ्नो मामाले यस्तो भनेपछि अश्वत्थामा दुर्योधनको छेउमा गएर भने– गान्धारीनन्दन, म तपाईंको हितैषी हुँ । म जीवित छँदासम्म मेरो अवहेलना गरेर तपाईं एक्लैले युद्ध गर्नुहुँदैन । तपाईं अर्जुनलाई जित्ने विषयमा सन्देह नगर्नुहोस् । चुप लागेर उभिरहनुहोस् । म गएर अर्जुनलाई रोक्नेछु ।

दुर्योधनले भने– विप्रवर, आचार्यले त आफ्नो पुत्रको समान पाण्डवहरूको रक्षा गरिरहेका छन् र तपाईंले सदैव उनको तर्फबाट बेपरवाही देखाउनुहुन्छ । मलाई थाहा छैन के कति कारणले तपाईंको पराक्रम मन्द भइसकेको छ । शायद यो मेरो दुर्भाग्य हो वा तपाईंले धर्मराज तथा द्रौपदीको प्रिय गर्न चाहिरहनुभएको छ । अश्वत्थामा, ममाथि प्रसन्न भइहाल्नुहोस् र मेरा शत्रुहरूको नाश गर्नुहोस् । सोमकहरूलाई उनीहरूका अनुयायीका साथ मारिदिनुहोस् । यसपछि बाँकी रहेकाहरूको तपाईंको संरक्षणमा रहेर म स्वयंले मारिदिनेछु । पहिला पाञ्चालहरू, सोमकहरू र केकयहरूलाई रोक्नुहोस्, किनकि यिनीहरू अर्जुनबाट सुरक्षित भएर मेरो सेनाको संहार गर्दै गइरहेका छन् । पहिला वा पछि गर्नुहोस् तर यो काम तपाईं स्वमंले गर्नुपर्दछ । अतः पाञ्चालहरूलाई तपाईंले उनीहरूका सेवकहरूसहित मारिदिनुहोस् । तपाईंले यस जगत्लाई पाञ्चालरहित पार्न सक्नुहुन्छ, यस्तो सिद्ध पुरुषहरूले भनेका छन् । यो कुरा कहिल्यै पनि मिथ्या हुन सक्दैन । इन्द्रसहित सम्पूर्ण देउताले पनि तपाईंको बाणहरूको प्रहारलाई सहन गर्न सक्दैनन्, अनि पाण्डवहरूको त के कुरा ? वीरवर, हेर्नुहोस्, यो मेरो सेना अर्जुनको बाणबाट पीडित भएर भाग्दैछ । अतः शीघ्र नै जानुहोस्, विलम्ब नगर्नुहोस् । क्रमशः...

# पाचक, पाचन हार्मोन र पाचन



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


**सङ्क्षेपमा यो जाने हुन्छ कि मुखमा चपाउने र बोलस बनाउने, ग्रासनलीमा केवल भोजनलाई अगाडि बढाउने, आमाशयमा मिक्सिङ गर्ने, सानो आन्द्रामा न्युट्रिएन्टको अवशोषण हुने, र ठूलो आन्द्रामा पानी अवशोषण हुन्छ । शेष भाग मलको रूपमा बाहिर निस्किन्छ ।**

हामी जे खान्छौं, त्यो ऊर्जा बन्छ र विजातीय तथा नपचेका पदार्थलाई शरीरले मलको रूपमा बाहिर निकालिदिन्छ । तर ऊर्जा बन्ने कुरा त पछिको हो । त्यो बनाउनुभन्दा पहिले शरीरले कति पापड बेल्नुपर्छ, त्यो हामीले जान्दैनौं तर जान्नुपर्छ । त्यो पापड बेल्नुको पहिलो खुड्किलो हो पाचन । हामी जे पनि खान्छौं, त्यो शरीरमा अवशोषित हुँदैन । त्यसलाई अवशोषित हुन लायक बनाउने प्रक्रिया नै पाचन हो र यसको लागि प्रकृतिले शरीरमा ३० फुटको एक पाइप बनाएको छ, जुन मुखबाट शुरू भएर मलद्वारसम्म पुग्छ । यो पाइप पातलोबाट शुरू भएर क्रमशः मोटो हुँदै जान्छ र ठाउँ–ठाउँमा यसको बनावट र काम अनुसार यसको अलग–अलग नामकरण गरिएको छ । अतः एउटै पाइपको अलग–अलग नाम छन् । यसैलाई पाचननली वा पाचन संस्थान भनिन्छ । यिनका विभिन्न भाग निम्नलिखित छन्:

**मुखः** हामीले जे पनि मुखबाट खान्छौं । मुखमा खाना हाल्ने बित्तिकै चपाउने क्रिया शुरू हुन्छ, जसमा र्‍याल मिलेपछि पचाउने काम यहींबाट शुरू हुन्छ । र्‍याल भने दुवै कानको अगाडि स्थित पैरोटिड ग्लैन्ड, चिउँडोमुनि स्थित सबमान्डिबुलर तथा जिब्रोको मुनि स्थित सबलिन्गुअल ग्रन्थिबाट अलग–अलग नलीबाट आएको हुन्छ । यसले खानालाई बोलस बनाउँदै जान्छ र ग्रासनीमा पठाउँदै जान्छ । र्‍यालमा एमाइलेज, माल्टेज र लाइपेज नामक एन्जाइमले क्रमशः स्टार्चलाई डेक्सट्रिन र माल्टोज, माल्टेजले माल्टोजलाई ग्लुकोज र लाइपेजले मिल्कफैटलाई डाइग्लिसरोलको रूपमा टुक्रयाउँछ । मुखमा खाना सानो समयको लागि मात्र हुन्छ, त्यस कारण यसको पूर्णता अगाडिको भागमा हुन्छ । त्यसैले भनिन्छ कि खानालाई खूब चपाउनुपर्छ । यो र्‍याल नित्य १००० देखि १५०० मिली हामीले खाए पनि नखाए पनि निरन्तर निस्किरहन्छ । खानेबेला यसले बोलस बनाउने र पचाउने तथा नखाने बेलामा मुखलाई सुक्खा हुनबाट बचाउँछ ।

**ग्रासनली** : यो पाचन संस्थानको सबैभन्दा पातलो नली हो । खानाको बोलस यसमा आउने बित्तिकै यसमा पेरिस्टाल्सिस नामक गति हुन्छ, जसले गर्दा खाना अगाडि बढेर आमाशयमा पुग्छ । पाचन संस्थानमा दुई प्रकारका मुभमेन्ट देखिन्छन्– मिक्सिङ मुभमेन्ट, जसले खानालाई राम्ररी मिक्सिङ गर्ने काम गर्छ । यो ठीक कुनै रबरको बललाई थिच्ने र छोड्ने जस्तो हुन्छ । अर्को पेरिस्टाल्सिस, त्यो गति हो जसमा तलको भाग फैलिन्छ र माथिको भाग सङ्कुचित हुँदै खानालाई मुखको विपरीत दिशामा ठेल्छ । यो ठीक जुका चलेको जस्तो अगाडि बढ्दै जान्छ । यसको गति एक वा दुई सेमी प्रतिसेकेन्ड हुन्छ । ग्रासनलीको लम्बाइ २५ सेमी हुन्छ ।

**आमाशय** : यो मरुभूमिमा ऊँटको व्यापारीहरूले पानी बोक्ने छालाको धोक्रो जस्तो हुन्छ र छातीमुनि पेटको बायाँपट्टि स्थित हुन्छ । यस कारणले खाना खाएपछि बायाँ कोल्टे सुत्न भनिन्छ । यसमा मिक्सिङ मुभमेन्टले खाना मिहिन बनेर भकारीको मुख जस्तै यसको साँघुरो मुख भएर बिस्तारै–बिस्तारै ड्युयोडिनममा जान्छ, यसरी आमाशय तीन घण्टामा मात्र पूरा खाली हुन्छ । खाली अवस्थामा आमाशयको क्षमता केवल ५० मिली मात्र हुन्छ तर खाँदै जाँदा यसको क्षमता चार लिटरसम्म पुग्छ । यसको भित्तामा थुप्रै प्रकारका कोषहरू हुन्छन्, जसले विभिन्न प्रकारका एन्जाइम र हाइड्रोक्लोरिक एसिड निकाल्छन् । यही एन्जाइमहरू पाचक हुन् । हाइड्रोक्लोरिक एसिडले ब्याक्टेरियालाई मार्ने र पाचनको लागि राम्रो माध्यम प्रदान गर्ने काम गर्छ । एन्जाइममध्ये मुख्य हो– पेप्सिन, जसले प्रोटिनलाई प्रोटियोज, पेप्टोन र पेप्टाइडमा बदलिदिन्छ । अर्को एन्जाइममा ग्यास्ट्रिक लाइपेज जसले बटरको ट्राइग्लिसराइडलाई फैटी एसिड र ग्लिसरोलमा, जिलेटिनेज जसले मासुको कोलेजन र जिलेटिन नामक तत्त्वलाई पेप्टाइडमा, ग्यास्ट्रिक एमाइलेज जसले स्टार्चलाई डेक्सट्रिन र माल्टोजमा र युरिएज जसले युरियालाई अमोनियामा बदलिदिन्छ । अवशोषणको काम यहाँ हुँदैन तर पनि बी१२ र आइरनको अवशोषण यहाँ हुन्छ ।



**सानो आन्द्रा** : ड्युयोडिनम, जेजुनम र इलियम यसका तीन भाग हुन्छन् । आमाशयबाट खाना ड्युयोडिनममा आउँछ । यसको आकार अङ्ग्रेजीको यु अक्षर जस्तो २५ सेमी हुन्छ । कलेजोबाट पित्त निस्केर पित्ताशयमा जम्मा हुन्छ र चाहिएको बेला अथवा खाना ड्युयोडिनममा आइपुगेको बेला पित्ताशयबाट पित्त ड्युयोडिनममा आउँछ । कलेजोबाट नित्य ८०० देखि १२०० मिली पित्त निस्किन्छ, जसले फैटलाई पचाएर अवशोषित हुने खालको बनाउँछ । अग्नाशयबाट निस्किने एन्जाइम ट्रिप्सिन र काइमोट्रिप्सिन आदि एन्जाइम पनि यही बिन्दुमा आएर मिल्छ । अग्नाशयका एन्जाइमहरूले प्रोटिन, कार्बोहाइड्रेट र फैट सबैलाई पचाउँछ । ड्युयोडिनमबाट खाना जेजुनममा जान्छ, जसको लम्बाइ २.५ मिटर हुन्छ । जेजुनमबाट इलियममा जसको लम्बाइ ३.५ मिटर हुन्छ । सानो आन्द्रामा खानाको पाचन प्रक्रिया पूर्ण हुन्छ र यही उसको अवशोषण पनि हुन्छ । अवशोषण गर्नको लागि यसको भित्ता ठीक तौलियाको फर जस्तो निस्केको हुन्छ, जसलाई भिलाई भनिन्छ । तौलियाको संरचना यसैलाई हेरेर बनाइएको हो । यहाँ पनि विभिन्न ग्लैन्डहरू हुन्छन्, जसले फाइनल डाइजेशनको लागि निम्नलिखित एन्जाइम निकाल्छन्: पेप्टाइडेज जसले पेप्टाइडलाई एमाइनो एसिडमा, सुक्रेज जसले सुक्रोजलाई फ्रुक्टोज र ग्लुकोजमा, लैक्टेज जसले लैक्टोजलाई ग्लैक्टोज र ग्लुकोजमा, डेक्सट्रिनेज जसले डेक्सट्रिन, माल्टोज, माल्ट्रियोजलाई ग्लुकोजमा, ट्रिहैलेज जसले ट्रिहैलोजलाई ग्लुकोजमा तथा इन्टेस्टाइनल लाइपेज जसले ट्राइग्लिसराइडलाई फैटी एसिडमा बदलिदिन्छ । यसरी कार्बोहाइड्रेटको इन्ड प्रोडक्ट ग्लुकोज, प्रोटिनको इन्ड प्रोडक्ट एमाइनो एसिड र फैटको इन्ड प्रोडक्ट फैटी एसिडको रूपमा प्राप्त हुन्छ र अवशोषण हुने लायक बन्छन्, जसबाट शरीरले ऊर्जा तयार गर्छ । पाठकवृन्द, यतिका क्लिस्ट नामहरू पढेर तपाईं दिक्क हुने सम्भावना बढी हुन्छ होला । तर आत्तिनुपर्दैन । प्रायः अन्तमा ओज लगाइयो, त्यो खानाको तत्त्व हुन्छ र एज लगाइयो त्यसलाई पचाउने एन्जाइम हुन्छ । जस्तै सुक्रोजलाई पचाउने एन्जाइम सुक्रेज, माल्टोजलाई पचाउने माल्टेज आदि ।

**ठूलो आन्द्रा** : यसलाई कोलोन पनि भनिन्छ । यथा सिकम र एपेन्डिक्स, एसेन्डिङ कोलोन जो माथितिर जान्छ, ट्रान्सभर्स कोलोन जुन पेटको दायाँबाट बायाँको यात्रा गर्छ र डिसेन्डिङ कोलोन जुन फेरि तलतिर आउँछ र सिगम्बाइड अथवा पेल्भिक कोलोनमा खुल्छ र फाइनली रेक्टम र एनलकैनाल भएर बाहिरी द्वार बन्छ । सानो आन्द्रामा न्युट्रिएन्ट्सको अवशोषण समाप्त हुन्छ तर पानी र इलेक्ट्रोलाइटहरू जस्तै सोडियम, कोर्टिकोस्ट्रवायड र अरू केही औषधि, अल्कोहल तथा एनेस्थिसियाको अवशोषण ठूलो आन्द्रामा हुन्छ । यही बायोमहरूको कोलोनी हुन्छ, जसले बी१२ र भिटामिन 'के' आदि बनाउँछ । विजातीय र नपचेको भाग मलाशयमा हुन्छ र मलको रूपमा मलद्वारबाट बाहिर आउँछ । मलको रङ्ग पहेंलो पित्तको कारण र दुर्गन्ध ब्याक्टेरियाले गर्दा हुन्छ ।

**एपेन्डिक्स** : सानो आन्द्रा र ठूलो आन्द्राको जक्सनमा औंला जस्तो एउटा सानो प्रोजेक्सन हुन्छ, जसलाई एपेन्डिक्स भनिन्छ । शरीरमा त यसको कुनै काम हुँदैन र काटेर फ्याँके पनि हुन्छ । तर चराहरूमा यो सिरोटिनिनको लागि महत्त्वपूर्ण हुन्छ । मान्छेमा पनि अब यसलाई जथाभावी नफाल्न भनिन्छ र नित्य नयाँ खोज भइरहेको छ ।

**मलाशय वा रेक्टम** : यो पाचननलीको अन्तिम भाग हो, जसमा मल आएर जम्मा हुन्छ, जसको द्वार एउटा कसिलो रिङबाट कसिएको हुन्छ, जसलाई स्फिन्कटर भनिन्छ । जब यो स्फिन्कटर खुल्छ, तबमात्र मल बाहिर आउन सक्छ । यो दिनमा केवल एक वा दुई पटक मात्र खुल्छ र त्यो पनि बानीमा निर्भर गर्छ । त्यसैले दिनहुँ शौच गर्ने बानी बसाल्नुपर्छ । अन्यथा मल जति ढिलोसम्म मलाशयमा रहन्छ, त्यति धेरै पानी अवशोषित हुने कारणले मल कडा हुन्छ । बल गरे पनि मल बाहिर आउँदैन, जसलाई कब्जियत भनिन्छ । पेट भरेपछि एउटा रिफ्लेक्सले मलाशय उत्तेजित हुन्छ र मल त्याग गर्ने इच्छा जाग्छ । एक गिलास पानी खाएपछि वा चिया खाएपछि यही रिफ्लेक्सले काम गर्छ र यसरी मल त्यागको बानी बसाल्नु खराब होइन । तर कसैकसैमा यसको लागि चुरोट वा खैनीको बानी हुन्छ, जुन बिल्कुल हानिकारक हो ।

**हार्मोन** : पाचन संस्थानसम्बन्धी हार्मोन र काम निम्नलिखित छन्– **गैस्ट्रिनः** यो आमाशयबाट निस्किन्छ र आमाशयको अन्य स्राव र आमाशयको गतिशीलतालाई बढाउँछ । साथै यसले अग्नाशयको हार्मोन निकाल्न पनि अग्नाशयलाई उत्तेजित गर्छ । **सिक्रिटिनः** यो सबैभन्दा पहिले खोजिएको हार्मोन हो र सानो आन्द्राबाट निस्सृत हुन्छ । यसले अग्नाशयबाट जुस निकाल्छ, आमाशयको

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

हामीहरू भित्रभित्रै खोक्रा भइसकेका छौं । हाम्रो आन्तरिक जीवनबाट प्रेमरस खाली भइसकेको छ । हामीहरू खुद आफ्नो ऊर्जामाथि विश्वास गर्दैनौं । हाम्रो जीवन अहङ्कार र क्रोधले ज्वालामुखी जस्तो भएको छ । घृणाको समुद्र पिएको जस्तो आफैसँग डराएको र कसैसँग पनि ठीकसँग नाता जोड्न नसक्ने मानवजीवन देखेर हामीहरू आफैं आश्चर्यमा पर्छौं । यस्तो हुनुको कारण हामीहरू पूर्णरूपमा भौतिकवादी भएर र साँचोरूपमा अध्यात्मलाई ग्रहण गर्न नसकेर हो । अध्यात्मले मानिसलाई कमजोर बनाउँदैन, बरु यसले मानिसलाई आन्तरिकरूपमा शक्तिशाली बनाउँछ । यसले मानिसहरूलाई प्रेम र भाइचारा सिकाउँदै सबैप्रति विश्वबन्धुत्वको भावना राख्न सिकाउँछ । यसले मानिसलाई सच्चा प्रेमपुजारी बनाउँछ र जीवनमा सच्चा आनन्द भरिदिन्छ । आध्यात्मिक मानिसले कहिल्यै पनि कसैसँग केही माग्दैन । उसले सधैंभरि अरूको भलाई गर्ने र आफूले सकेजति दान दिनेबारेमा नै सोचिरहन्छ । उसको मनमा कहिल्यै पनि नकारात्मक र निराशाको भावना विकसित हुँदैन । प्रकृतिमा घटने सबै घटनाप्रति उसको समभाव रहन्छ । ऊ कहिल्यै पनि जीवनबाट भाग्दैन । उसले मानवजीवनको लक्ष्य प्राप्त गर्दै आफ्नो जीवन सार्थक बनाउँछ । उसले सचेत भएर आफ्नो जीवनबाट विकारहरू निकाल्दै जीवनमा अभाव होइन, भाव भरिरहन्छ । सहीरूपमा धर्म तब हुन्छ, जब हामीलाई धर्मको लागि अलग्गै केही गर्ने आवश्यकता नपरोस् । मानवजीवनका हरेक कर्ममा, हरेक विचारमा, हरेक आचरणमा धर्म मिसियोस् र धर्मको प्रभावले मानिस सधैं धार्मिक भइरहोस् । यस्तो भयो भने मानिसलाई अलग्गै धर्मको आवश्यकता पर्दैन तर यस्तो भएन भने मानिसले अलग्गै धर्मको ढोङ गर्न छोड्दैन ।

हामीहरूले आफ्नो आत्मशक्तिमाथि सधैं ध्यान दिनुपर्छ र आत्माको मूल स्वभावलाई हरसमय आफ्नो स्मृति पटलमा राख्नुपर्छ । आफूलाई सचेत गराउने उद्देश्यबाट प्रेरित भएर धर्मको आवश्यकता महसूस गर्नुपर्छ । आजको विश्वमा अधर्म चारैतिर फैलिएको छ । त्यसैले आज विश्वलाई धर्मको आवश्यकता धेरै छ । त्यसै कारणले गर्दा हामीहरूले चारैतिर खाली धर्मकै कुराहरू मात्रै सुन्ने गरेका छौं । धर्म गर्ने समयमा जीवन सचेतनालाई सधैं ध्यानमा राख्ने गर्नुपर्छ । नत्रभने धर्म कहिल्यै हुन पाउँदैन । कर्मबाट अलग गरिएको धर्मको केही अर्थ छैन । धर्मको प्रभाव जीवनमा ल्याउनु मुख्य काम हो । हाम्रा हरेक पलहरू धर्ममय हुनेगरी धर्मको प्रभाव जीवनमा ल्याउनु छ ।

जीवनमा सचेतना ल्याउनोस् र झूटो धर्मबाट बच्नुहोस् । जीवनमा अत्यन्त महत्त्व राख्ने धर्म नै गलत तरीकाले गर्नुभयो भने दुर्गति निश्चित छ । अरूलाई नहेर्नुस्, यो साहस स्वयम् आफैं गर्नु छ । आफ्नो मनले आफ्नै आत्माको आवाज सुन्नुहोस् । सच्चा धर्म गर्नु छ भने स्थानको केही महत्त्व हुँदैन, तपाईं जहाँ पनि रहनुस्, कर्म र विचारमा नै धर्मलाई मिसाइदिनुहोस् । यदि तपाईंलाई अलगबाट धर्म गर्नु छ भने त्यस्तो ठाउँ र समय छान्नुहोस् कि केही समयसम्म तपाईं आफूभित्रको मनको यात्रामा जान सक्नुहोस् । हरेक क्षण आफ्नो आत्मशक्तिमाथि नजर राख्न सक्नुहोस् । त्यसमा भएको पवित्रता, आनन्द, सहिष्णुता, शान्ति, प्रेम र साहसमाथि नजर राख्न सक्नुहोस् । त्यसलाई मनमा महसूस गर्दै त्यो बोधले भरिभराउ हुनुहोस् र त्यस बोधमाथि विश्वास गर्दै त्यसलाई जीवनको हरेक पलमा ल्याउने प्रयास गर्नुहोस् । जीवनमा जहिले पनि राम्रो होइन, उत्कृष्टताको चयन गर्नुहोस्, सबै नराम्रो कामबाट बच्नुहोस् । आफ्नो आत्मशक्तिद्वारा स्वयम् आफ्नो र यस विश्व ब्रह्माण्डको कल्याण गर्न तिर लाग्नुहोस् । यही नै आत्माको अध्याय हो । यही नै साँचो अर्थमा धर्म हो ।

कसैको सिद्धान्तसँग सहमत हुँदैमा, कुनै मार्ग अपनाउँदैमा, कसैप्रति समर्पित हुँदैमा कसैले बुझ्दछ कि अब भने म सत्यमार्गमा चलिरहेको छु तर यो सत्यता होइन, भ्रम मात्र हो । तपाईंले यसका परिणामहरू जाँच्नुपर्छ । यदि त्यो मार्गमा हिंड्दा तपाईंको मनमा प्रेमभाव बढिरहेको छ, आनन्द बढिरहेको छ, निर्भयता बढिरहेको छ, मनबाट विकार हटिरहेको छ, तपाईं हरेक स्थितिमा मन स्थिर गर्न सक्षम हुँदै गइरहनुभएको छ भने बुझ्नुस् कि तपाईं सही मार्गमा अगाडि बढिरहनुभएको छ । यदि तपाईंमा यसको विपरीत विकास भइरहेको छ वा राम्रा गुणहरूको साथमा नराम्रा गुणहरूको पनि विकास भइरहेको छ, ती विकारहरूमाथि तपाईंको पकड छैन, जीवनमा आनन्दको अनुभूति भइरहेको छैन भने तपाईं बुझ्नुस् कि तपाईं केही न केही गलती गरिरहनुभएको छ । तपाईंले हिंडिरहनुभएको मार्गले तपाईंलाई मानवजीवनको लक्ष्यमा पुर्‍याउँदैन । तपाईंले आफूलाई अनुकूल हुने मार्ग खोज्न जरुरी छ । भीडलाई नहेर्नुस्, भीडले जे गरिरहेको छ, त्यही ठीक छ भन्ने सोचबाट मुक्त हुनुहोस् । आफ्नो परीक्षण स्वयम् आफैं गर्नुहोस् र आफूभित्र एउटा निर्णय क्षमता विकसित गर्नुहोस् । जीवनमार्ग कठिन छैन र जटिल पनि छैन । जटिलतालाई जीवनबाट निकालेर आनन्दलाई जीवन बनाउनुहोस् ।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## जापानका प्रधानमन्त्री किशिदा र अमेरिकी सभामुख पेलोसी वार्ता

टोकियो, जापान, २० साउन/एएनआई

जापानी प्रधानमन्त्री फुमियो किशिदा र भ्रमणरत अमेरिकी सदनका सभामुख न्यान्सी पेलोसीले अमेरिकी प्रतिनिधिमण्डलको ताइवान भ्रमणपछि बढ्दो तनावका बीच ताइवान क्षेत्रमा शान्ति र स्थिरताको महत्त्वमा जोड दिएकी छन् ।



अमेरिकी सदनका सभामुख न्यान्सी पेलोस (बायाँ) र जापानी प्रधानमन्त्री फुमियो किशिदा । तस्वीरः रायटर्स

"हामी ताइवान स्ट्रेटमा शान्ति र स्थिरता सुनिश्चित गर्न सँगै काम गर्नेछौं," किशिदाले पेलोसीसँगको भेटपछि सो कुरा उल्लेख गरेको क्योडो न्यूजले जनाएको छ । "चीनको व्यवहारले यस क्षेत्र र विश्वको शान्ति र स्थायित्वमा गम्भीर असर पारेको छ र हामीले चीनलाई त्यस किसिमका अभ्यास तत्काल रोक्न आह्वान गरेका छौं," उनले भने ।

जापान सरकारले बिहीवार आफ्नो विशेष आर्थिक क्षेत्रमा चिनियाँ सेनाले पाँचवटा ब्यालेस्टिक मिसाइल प्रहार गरेको घटनाप्रति निन्दा गर्दै यसलाई अत्यन्त जबरजस्ती कार्यको रूपमा चित्रण गरेको छ । सभामुख पेलोसीको ताइवान भ्रमणको प्रतिक्रियामा चीनले लाइभ फायर ड्रिलहरू सञ्चालन गरिरहेको छ । चीनले हिजो मात्रै प्रक्षेपण गरेको क्षेप्यास्त्र ओकिनावाको दक्षिणी प्रान्तको हातेरुमा टापुको दक्षिणपश्चिममा रहेको क्षेत्रमा खसेको थियो ।

जापानको क्योडो न्यूजले टोकियोले बेइजिङलाई तुरुन्तै सैन्य अभ्यास बन्द गर्न भनेको विषय उल्लेख गरेको छ । "यो एउटा गम्भीर मुद्दा हो, जुन हाम्रो देशको राष्ट्रिय सुरक्षा र जनताको सुरक्षासँग सम्बन्धित छ," रक्षामन्त्री नोबुओ किशीले बिहीवार बताए ।

फुमियो किशिदा सरकारले चिनियाँ सरकारसमक्ष कूटनीतिक विरोध जनाइसकेको छ । अगस्त ४ मा चीनले ताइवानको उत्तरपूर्वी र दक्षिणपश्चिमी जलक्षेत्रमा थुप्रै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको छ, जसले ताइवानको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको छ र यस क्षेत्रमा क्षेत्रीय तनाव पनि बढाएको छ ।

लाइभ फायर ड्रिलहरू टापुको वरिपरि रहेका विभिन्न सात क्षेत्रमा शुरू गरिएको छ । चिनियाँ पिएलएले ताइवानको जल र हवाई क्षेत्रनजीक संयुक्त लडाइँ प्रशिक्षण अभ्यास आयोजना गरेको सिन्ह्वा समाचार एजेन्सीले यसअघि नै जनाइसकेको छ । बढ्दो सैन्य गतिविधिले यस क्षेत्रको राजनीतिक र सामरिक सन्तुलनमा फेरबदल आउन सक्ने देखिन्छ । यसैबीच ताइवान सरकारले अन्तर्राष्ट्रिय समुदायलाई ताइवानमाथि चीनको सैन्य दबाबको निन्दा गर्न आग्रह गरेको छ ।

सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणको जवाफमा सैन्य अभ्यासको रूपमा गरिएको जापानको विशेष आर्थिक क्षेत्रमा चीनको मिसाइल प्रक्षेपणको पनि संयुक्त राज्य अमेरिकाले निन्दा गरेको छ ।

राष्ट्रिय सुरक्षा परिषद्का रणनीतिक सञ्चार संयोजक जोन किर्बीले बिहीवार एक ब्रिफिङमा भनेका छन्– "हामी यी कार्यहरूको निन्दा गर्छौं, जुन गैरजिम्मेवार छन् । यी कार्यहरू ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम गर्ने हाम्रो लामो समयदेखिको लक्ष्यसँग बाझिएको छ ।"

पेलोसीको यो भ्रमण सन् १९९७ मा न्युट गिंगरिचद्वारा ताइवानमा गरिएको भ्रमणपछि २५ वर्षको अन्तरालमा भएको हो । रासस

## अमेरिकामा जनस्वास्थ्य सङ्कट घोषणा

लस एन्जेल्स, २० साउन/सिन्ह्वा

मङ्कीपक्सका सङ्क्रमितहरू बढेपछि अमेरिकामा जनस्वास्थ्य सङ्कटकालको घोषणा गरिएको छ । अमेरिकी सरकारले बिहीवार सो घोषणा गरेको हो । यहाँको स्वास्थ्य तथा मानवीय सेवा विभागले सो घोषणा गरेको हो ।

उक्त विभागका तर्फबाट बिहीवार आयोजना गरिएको पत्रकार सम्मेलनमा अमेरिकामा मङ्कीपक्सको अवस्था दिन प्रतिदिन बढ्दै गएपछि सो घोषणा गरिएको बताइएको थियो ।

विश्व स्वास्थ्य सङ्गठनले मङ्कीपक्सलाई विश्वव्यापी समस्याका रूपमा घोषणा गरेको एक हप्तापछि अमेरिकाले पनि आफ्नो देशमा जनस्वास्थ्य सङ्कटकाल घोषणा गरेको हो ।

अमेरिकामा बिहीवारसम्ममा छ हजार ६०० जनामा यो सङ्क्रमण देखिएको बताइएको थियो । सो पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार विश्वमा हाल देखा परेको मङ्कीपक्सको सङ्क्रमणमध्ये अमेरिकामा मात्र २५ प्रतिशत पाइएको हो ।

विश्वका कैयौं देशमा मङ्कीपक्सको सङ्क्रमण देखिएको छ । विश्वमा हाल २५ हजार ८०० जनामा यो सङ्क्रमण पाइएको बताइएको छ । अहिले पनि विश्वका कतिपय देशहरूमा यसको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गएका समाचारहरू आइरहेका छन् । अमेरिकाका न्यूयोर्क, क्यालिफोर्निया र इलिनोइसमा मङ्कीपक्सका सङ्क्रमितहरू बढी पाइएका बताइएको छ । रासस

## इथियोपियाका दुई करोडभन्दा बढी नागरिकलाई मानवीय सहायताको खाँचो

आदिस अबाबा, २० साउन/सिन्ह्वा

इथियोपियाका दुई करोडभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय एजेन्सी ओचाले दुई करोडभन्दा बढी इथियोपियालीलाई मानवीय सहायताको खाँचो रहेको पाइएको बताएको हो ।

सन् २०२२ मा यी इथियोपियालीलाई उक्त सहयोग आवश्यक रहेको पनि बताइएको छ । प्राप्त समाचार अनुसार यसरी सहायताको आवश्यकता परेका मानिसहरूमध्ये कम्तीमा पनि दुई तिहाइ जति महिला तथा बालबालिका रहेका छन् ।

सन् २०२१ मा इथियोपियाको मानवीय अवस्था निकै खस्किंदो रहेकाले मानवीय सहायताको खाँचो यस वर्ष झन् धेरैलाई परेको सो एजेन्सीले बताएको छ । यहाँ आन्तरिक द्वन्द्व, खडेरी तथा कतै बाढी पहिरोका कारण यहाँका नागरिकमा मानवीय सहायताको खाँचो बढ्दै गएको पाइएको ओचाले जनाएको छ ।

केही वर्षदेखि यहाँ आन्तरिक द्वन्द्व जारी रहेको छ । त्यस्तै, खडेरी आदिका कारण पनि यहाँ खेती उब्जनीमा समस्या परेको छ । जसका कारण मानवीय सहायताको खाँचो झन् बढ्दै गएको पाइएको समाचारमा जनाइएको छ । रासस


### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – कडाश्रम | कर्कट – सुसमाचार |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – व्यर्थभ्रमण | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## मिसाइल परीक्षणमा ढिलाइ

अमेरिका, २० साउन/एएनआई/स्पुतनिक

अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवानको विवादास्पद भ्रमणपछि चीनसँग थप तनाव उत्पन्न हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै संयुक्त राज्य अमेरिकाले नियमित मिनेटम्यान–३ मिसाइल परीक्षण प्रक्षेपणमा ढिलाइ गरेको छ । वाल स्ट्रीट जर्नलले बिहीवार यस किसिमको प्रतिवेदन सार्वजनिक गरेको छ ।

सभामुख पेलोसीको ताइवान भ्रमणबाट उत्पन्न हुन सक्ने तनावलाई ध्यानमा राख्दै अमेरिकी वायुसेनाले चीनसँग कुनै पनि असमझदारीबाट बच्न परीक्षण प्रक्षेपण स्थगित गरिएको रिपोर्टमा उल्लेख गरिएको छ ।

अमेरिकी अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल प्रणालीको विश्वसनीयताको मूल्याङ्कन गर्ने उद्देश्यले वर्षमा थुप्रैपटक गरिने यो परीक्षण शुरूमा क्यालिफोर्नियाको भान्डेनबर्ग एयर फोर्स बेसमा यस हप्ता हुने बताइएको थियो तर यसमा ढिलाइ भइरहेको छ । रासस


घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं,
सभ्यताको परिचय दिऔं ।

वीरगंज महानगरपालिका कार्यालय


## सशस्त्र प्रहरीद्वारा २४० केजी गाँजा बरामद

प्रस, परवानीपुर, २० साउन/

सशस्त्र प्रहरी, पर्साले लागूऔषध गाँजा २४० किलो बरामद गरेको छ ।

शुक्रवार साँझ साढे ६ बजे पर्सा, बहुदरमाई नपा–७ विश्रामपुर छपकैयास्थित श्री बालनिकेतन इङ्गलिश बोर्डिङ स्कूलको पुरानो भवनपछाडि झाडीमा लुकाइ राखेको अवस्थामा उक्त गाँजा बरामद भएको हो ।

पूर्वसूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साबाट सातजनाको टोली परिचालन गरी उक्त गाँजा बरामद गरेको सशस्त्र प्रहरी, पर्साका प्रहरी नायब उपरीक्षक सन्तोषकुमार बस्नेतले जानकारी गराए ।



गाँजा बरामद गरी आवश्यक कारबाईका लागि जिप्रका, पर्सामा बुझाइएको र गाँजा कसको हो भन्ने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मेघगर्जनसहित वर्षाको सम्भावना

काठमाडौं, २० साउन/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानमा मेघगर्जन/चट्याङसहित वर्षा हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुनी प्रणालीको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ ।

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको दक्षिणमा अवस्थित रहेकाले अबको दुई/तीन दिन मनसुन कमजोर भई वर्षा कम हुने विभागले जनाएको छ ।

आज देशभर आंशिकदेखि सामान्य बदली रही गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा, प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानहरूमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना तथा प्रदेश नं १ र मधेस प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

शनिवार देशभर आंशिकदेखि सामान्य बदली भई केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै वाग्मती र गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १६ दशमलव चार डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३३ दशमलव आठ डिग्री सेल्सियस छ ।

### सिमरा विमानस्थल.....

चार वायुसेवा कम्पनीका करीब आठवटा उडान भइरहेको छ । विमानस्थलको काम सम्पन्न भएपछि दैनिक यात्रुको चाप अनुसार १२ वटा उडान गर्न सकिने सिमरा नागरिक उड्डयन कार्यालयले जनाएको छ ।

हाल बुद्धको ७२ सिटे एटिआर ७२, ४२ सिटे एटिआर ४२, ३० सिटे गुणको जेएस(४१), ७२ सिटे यतीको एटिआर ७२, ७९ सिटे श्री एयरलाइन्सको डयास–८ प्रकारका विमानले सिमरा–काठमाडौं उडान भरिरहेका छन् ।

### एकैपटक ...

लाइनको निर्माण गरिएको हो । इनरुवा सबस्टेशन सञ्चालनमा नआएकोले इनरुवा–वसन्तपुर–तुम्लिङटार प्रसारण लाइनलाई अस्थायीरूपमा ३३ केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको थियो । सङ्खुवासभाको किटिङ्गीडाँडादेखि सुनसरीको धरानसम्म ६६ किमी प्रसारण लाइन गत भदौदेखि ३३ केभीमा चार्ज गरिएको थियो ।

प्रसारण लाइन र सबस्टेशनमा सञ्चालनमा आएपछि त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि स्रोत उपलब्ध हुँदा प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउने घिसिङले उल्लेख गरे । सुनसरी–मोरङ औद्योगिक करिडोरको विद्युत् आपूर्ति सुधार, सुदृढीकरण र थप संरचनाका लागि इनरुवा सबस्टेशनबाट विराटनगरसम्म २३ किलोमिटर १३२ केभी प्रसारण लाइन र सबस्टेशन निर्माणाधीन छन् ।

इनरुवा सबस्टेशनमैं ग्याँस इन्सुलेटेड प्रणालीमा आधारित (जिआइएस) ४०० केभी सबस्टेशनको निर्माण अन्तिम चरणमा पुगेको छ । ४०० केभी सबस्टेशन निर्माण सम्पन्न भएपछि पूर्व–पश्चिम विद्युत् आपूर्ति गर्ने प्रसारण प्रणालीका लागि इनरुवा सबस्टेशन अर्को ठूलो हब बन्नेछ ।

अरुण तथा तमोर नदी र त्यसका सहायक खोलामा निर्माण गरिएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् कोशी करिडोर २२० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेशनमा जोडिने छ । कोशी करिडोर अन्तर्गत वसन्तपुर–ढुङ्गेसाँघु (ताप्लेजुङ) खण्ड र वसन्तपुरमा २२० केभीका सबस्टेशनको निर्माण छ महीनाभित्र सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको आयोजना प्रमुख शुक्र देवकोटाले बताए ।

कोशी करिडोरको २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत सुनसरीको इनरुवाबाट सङ्खुवासभाको वसन्तपुर, बानेश्वर हुँदै तुम्लिङटारसम्मको २२० केभी डबल सर्किट टावर निर्माण गरिएको छ भने टावरको एकतर्फ मात्र तार तानिएको छ ।

अनुमानित लागत ११ करोड २० लाख अमेरिकी डलर रहेको प्रसारण लाइन आयोजना नेपाल सरकारको लगानी र भारत सरकारले एक्जिम बैंकबाट दिएको सहुलियतपूर्ण ऋणमा निर्माण भएको हो । एक्जिम बैंकबाट आयोजनाका लागि नौ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण प्रवाह भएको छ ।

कोशी करिडोर प्रसारण लाइन आयोजनामार्फत तुम्लिङटारदेखि वसन्तपुरसम्म करीब एक हजार मेगावाट, ढुङ्गेसाँघु (ताप्लेजुङ)देखि वसन्तपुरसम्म करीब एक हजार मेगावाट र वसन्तपुरदेखि इनरुवासम्म करीब दुई हजार मेगावाट विद्युत् प्रसारण गर्न सकिन्छ ।

अरुण र तमोर नदी र तिनीहरूका सहायक नदीबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रसारण ग्रिडमा आबद्ध गर्न निर्माणाधीन कोशी करिडोर नेपालको हालसम्मको सबैभन्दा लामो दूरीको २२० केभी प्रसारण लाइन हो । प्रदेश १ का भोजपुर, सङ्खुवासभा, तेह्रथुम र ताप्लेजुङमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न कोशी करिडोरको निर्माण गरिएको हो । प्राधिकरणले निजी क्षेत्रका २८ आयोजनाको ५१६ मेगावाट विद्युत् यही प्रसारण लाइनमा जोड्ने गरी विद्युत् खरीद सम्झौता (पिपिए) गरिसकेको छ ।

### भाथाधाम ...

भाथाधाम गएकी थिएँ । हामी हिन्दू धर्मावलम्बीहरू भगवान्माथि पूर्ण आस्था र विश्वास राख्छौं । संसार नै भगवान्को कृपाले चलिरहेको छ । मानिसहरू गच्छे अनुसार तीर्थस्थल जान्छन् । आयस्रोत न्यून हुनेले पायक पर्ने धर्मस्थल जाने गर्दछन् । हाम्रो परिवार प्रत्येक वर्ष भाथाधाम आउँछ । प्राकृतिक वातावरण, चुरे पहाडको अवलोकन र मन्दिरमा विराजमान दुग्धेश्वर महादेवलाई जल अर्पण गरेर मनमा शान्ति छाउँछ ।

यद्यपि केही विषय छन्, जसको व्यवस्थापन गर्नु आवश्यक छ । खानेपानीको समस्या छ । महिलाहरूका लागि सबैभन्दा प्रमुख समस्या शौचालयको छ । महिला भक्तजनलाई व्यवस्थापन गर्न महिला सुरक्षाकर्मी हुनुपर्छ । स्नान गर्नको लागि महिला तथा पुरुषको लागि सीमा निर्धारण गर्नुपर्छ । पतैयामाई (वनशक्ति माता) देखि जङ्गल नकटेसम्म ट्राफिक व्यवस्थापनतर्फ ध्यान दिनुपर्छ । यसबाहेक त्यहाँ सञ्चालित पसलहरूको दररेटको कुनै सीमा छैन । खानाको दर कतै रु १४० त कतै १८० छ । त्यसैगरी पानी रु ३५ देखि ४० सम्म बिक्रि भइरहेको छ ।

### पाचक ...

स्राव र गति कम गर्छ । **कोलेसिस्टोकाइनिनः** यो पनि सानो आन्द्राको कोषबाट निस्कन्छ । यसले पित्ताशय सङ्कुचित पारेर पित्त र अग्नाशयको रस निकाल्ने, आमाशयको गति कम र आन्द्राको गति बढाउँछ । यसले भोक पनि कम गर्छ । **जिआइपीः** यसले इन्सुलिन बढाउँछ तथा आमाशयको स्राव र गति कम गर्छ । **भिआइपीः** यो आमाशय र दुवै आन्द्राका कोषबाट निस्किन्छ र ग्यास्ट्रिक जुस र हाइड्रोक्लोरिक एसिड कम गर्छ तथा इन्सुलिन बढाउँछ । **ग्लुकागोनः** यो आमाशय, अग्नाशय र आन्द्राबाट निस्केर ब्लडसुगर बढाउँछ । **ग्लाइसेन्टिनः** यो ड्युयोडिनम, जेजुनमका कोषबाट निस्किन्छ र ब्लडसुगर लेभेल बढाउँछ । **जिएलपी१ र जिएलपी२** : यी ब्रेन, अग्नाशय, इलियम र कोलोनबाट निस्केर पहिलोले इन्सुलिन बढाउँछ र दोस्रोले भोक कम गर्छ ।

सङ्क्षेपमा यही हो पाचन र अवशोषणको प्रक्रिया । शरीरले यति पापड बेलेपछि बल्ल खानाले ऊर्जा उत्पादन गर्छ, जसको वर्णन छुट्टै पाठ र विषय हो । सङ्क्षेपमा यो जाने हुन्छ कि मुखमा चपाउने र बोलस बनाउने, ग्रासनलीमा केवल भोजनलाई अगाडि बढाउने, आमाशयमा मिक्सिङ गर्ने, सानो आन्द्रामा न्युट्रिएन्टको अवशोषण हुने, र ठूलो आन्द्रामा पानी अवशोषण हुन्छ । शेष भाग मलको रूपमा बाहिर निस्किन्छ । खानाको चाहिने मात्रा पुगेपछि यसको सूचना ब्रेनको हाइपोथैल्मस नामक भागमा पुग्छ र त्यहाँबाट सन्तुष्टिको भाव प्रवाहित हुन्छ । हामीलाई डकार आउँछ र खान छोड्छौं । यसैलाई सैटिइटी भनिन्छ । इति !

### रमियाको ...

कहिल्यै मेटिंदैन । जसलाई जस्तो तिर्खा लाग्छ उसलाई त्यस्तै पानीको आवश्यकता पर्दछ । दिनेले त आफूसित जस्तो पानी छ, त्यस्तो दिने न हो ।" नकटीमाईले भनिन् ।

शायद रमियाले बुझिन । खेन्हातिर हेरिरही । खेन्हाले फेरि भन्न शुरू गऱ्यो –"बस्तीका मानिसले थाहा पाए कि सङ्गमस्थलको पानीको सुरक्षा गर्ने देवी हुन् नकटीमाई ।"

एउटा भैंसबार आएर नजीकै दिसा बस्न खोज्दैछ । तीनैजना कता अलप भए कता ।

दिसा बस्दै गर्दा अस्ति पोलेको मुर्दाको खरानी अलिकति उडेकोजस्तो देख्यो भैंसबारले ।

भूतमाथि उसको अलिकति पनि विश्वास छैन तर मनमा भने चिसो पस्यो । थोरै पर उसको भैंसीले उसैलाई हेरिरहेको थियो ।



सरकारले ओमानबाट मगाएको एक र्‍याक मल सुक्खा बन्दरगाह वीरगंजमा बिहीवार आएको छ । सोही मललाई रेलबाट अनलोड गरी गोदाममा भण्डारण गर्दै मजदूरहरू । तस्वीर: नितेश कर्ण

# खेलकूदको संसार

## महिला फूटबलमा नेपाल एक स्थान तल झर्‍यो

काठमाडौं, २० साउन/रासस

विश्व फूटबलको सर्वोच्च निकाय (फिफा)ले शुक्रवार जारी गरेको महिलाको नयाँ वरीयतामा नेपाल एक स्थान तल झरेको छ ।

नयाँ वरीयता अनुसार नेपाल १०२औं स्थानमा रहेको हो । यसअघि नेपाल १०१औं स्थानमा थियो । दक्षिण एशियाली राष्ट्रको वरीयतामा भने नेपाल दोस्रो स्थानमा रहेको छ । नेपालभन्दा अघि भारत छ ।

भारत ५८औं स्थानमा छ । बङ्गलादेश १४७, श्रीलङ्का १५३, माल्दिभ्स १५६ र भुटान १७६औं स्थानमा छन् । विश्व वरीयताको शीर्ष स्थानमा भने अमेरिका छ । यसैगरी, दोस्रो स्थानमा जर्मनी छ भने तेस्रो स्थानमा स्वीडेन छ । इङ्ल्यान्ड चौंथो स्थानमा रहँदा फ्रान्स पाँचौं स्थानमा छ । नेदरल्यान्ड छैटौं, क्यानडा सातौं, स्पेन आठौं, ब्रजील नवौं र उत्तर कोरिया १०औं स्थानमा छन् ।

## माउन्ट एडमन्डमा प्रजातान्त्रिक अभ्यासद्वारा विद्यार्थी परिषद् गठन

प्रस, वीरगंज, २० साउन/

माउन्ट एडमन्ड माध्यमिक



तस्वीर: प्रतीक

विद्यालयले विद्यार्थीहरूको क्षमता र ऊर्जालाई रचनात्मक र क्रियाशील बनाइ देश र शैक्षिक हितमा प्रयोग गर्न प्रजातान्त्रिक अभ्यास निर्वाचनद्वारा विद्यार्थी परिषद्को गठन सम्पन्न गरेको छ ।

विद्यालयका प्रधानाध्यापक अनन्तकुमारलाल दासको सक्रियता र अतिरिक्त क्रियाकलाप विभागका शिक्षकशिक्षिकाहरूको सहयोगमा शुक्रवार विद्यालयले विद्यार्थी परिषद्का सदस्यहरू क्रमशः हेड ब्याय, हेड गर्ल, सदन क्याप्टेन र सहायक क्याप्टेनलगायत कक्षा एक देखि दश कक्षासम्मका मोनिटरहरूको चयन प्रत्यक्ष निर्वाचन पद्धतिद्वारा सम्पन्न गरेको छ ।

यसका लागि हरेक समूह अन्तर्गत तोकिएको विशेषता भएका विद्यार्थीहरूको छनोट, उनीहरूको भूमिका, अधिकार र कर्तव्यबारे एकदिवसीय तालीम, निर्वाचन जस्तै तोकिएको समयभित्र प्रचारप्रसार र अन्त्यमा निर्वाचन गराइएको थियो । यसबाट विद्यार्थीहरूले निर्वाचन पहिले, निर्वाचनको बेला र निर्वाचनपछि गरिने कामहरू के के हुन् र कसरी राम्रो उम्मेदवारको छनोट गर्नेबारे जानकारी पाएका थिए ।

सो सम्बन्धमा विद्यालयका प्रअ दासले हालसम्म अभिभावकले मात्रै निर्वाचनमा मत खसाल्ने गरेको अनुभव लिएका विद्यार्थीहरू स्वयम् विद्यालयमा मत खसाल्दा दङ्ग परेका थिए र निर्वाचन प्रक्रियाको अभ्यास गर्न पाउँदा खुशी पनि देखिन्थे र निर्वाचनलाई स्वच्छ, धाँधलीरहित तरीकाले इमानदार नेतृत्वको छनोट गनेबारे विद्यार्थीहरूले सिकेको बताए ।

यसैगरी, अतिरिक्त क्रियाकलाप विभागका प्रमुख बलराम नेपालीले स्वजिम्मेवारीको अनुभव गराउने उद्देश्यले सिर्जना गरिने विभिन्न पदका लागि शिक्षकले नाम तोक्नुभन्दा निर्वाचन पद्धतिबाट चयन गर्दा पारदर्शी हुनुका साथै विद्यार्थीहरूले निर्वाचन शिक्षाको व्यावहारिक ज्ञान सजिलै पाउने कुरामा जोड दिए ।

सम्पन्न निर्वाचनमा हेड ब्याय र हेड गर्लमा क्रमशः राहुल यादव, रिषभ कुमार, रीजा श्रेष्ठ, प्रियङ्का यादव र मोनिका गोले चयन भएका छन् भने चारपटा सदन क्याप्टेनमा प्रिन्सी सर्राफ, हिमांसु यादव, अङ्कित चौधरी र स्नेहा सर्राफ, सहायक क्याप्टेनमा ऋचा सिंह, दीपक महतो, काजल चौधरी र रीजा श्रेष्ठ निर्वाचित भएको जानकारी निर्वाचन अधिकृत शिक्षिका अनीता चौरसियाले गराइन् ।

## नवनिर्वाचित नेपाल चिकित्सक सङ्घ नारायणीका पदाधिकारीको शपथ

प्रस, वीरगंज, २० साउन/

नेपाल चिकित्सक सङ्घ नारायणी शाखा वीरगंजका नवनिर्वाचित पदाधिकारीहरूले शुक्रवार शपथग्रहण गरेका छन् । सङ्घले आफ्नै सभाहलमा आयोजना गरेको शपथग्रहण समारोहमा नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमुख निर्वाचत अधिकृत डा रामबालक चौरसियाले शपथग्रहण गराएका थिए ।

एक साताअघि भएको चुनावमा अध्यक्ष डा मनोज गुप्ता, उपाध्यक्ष डा आनन्दकुमार झा, सचिव नौसाद हक, कोषाध्यक्ष डा शाश्वत प्रसाद, सदस्यहरूमा डा नवीन यादव, डा रामाशङ्कर गुप्ता, डा स्मिता सिंह, डा अजय यादव, डा आकाश राय, डा विवेक यादव नयाँ कार्यसमितिमा निर्वाचित भएका थिए ।

५३२ सदस्य रहेको सङ्घको चुनावमा २८५ मत खसेको थियो । शपथग्रहण कार्यक्रममा सङ्घका नवनिर्वाचित कोषाध्यक्ष डा शाश्वत प्रसादले तीन वर्षे कार्यकालमा पुरानो समितिले आर्थिक प्रतिवेदन पेश गर्दै आय-व्यय कटाएर करीब ४२ लाख रुपैयाँ सङ्घको खातामा बचत रहेको जानकारी दिए । साथै नवनिर्वाचित अध्यक्ष डा मनोज गुप्ताले आफ्नो कार्यकालमा सम्पूर्ण चिकित्सकको हकअधिकार तथा वृत्ति विकासको लागि खट्ने प्रतिबद्धता गरेका थिए ।

सङ्घका पूर्वअध्यक्ष डा अरुणकुमार सिंहको अध्यक्षता तथा पूर्वसचिव डा रामऔतारप्रसाद खेतान, डा श्यामसुन्दर दास, निर्वाचन अधिकृत डा जेपी जैसवाल, डा आरके सिंहलगायतको



तस्वीर: प्रतीक

उदयनारायण सिंह एवं नारायणी अस्पतालकी मेट्रोन श्रुति साहको सहजीकरणमा सम्पन्न कार्यक्रममा सङ्घका पूर्वअध्यक्ष डा सहभागिता थियो । नवनिर्वाचित कार्यसमितिले सहसचिवमा एकजना चिकित्सकलाई मनोनीत गर्ने विधानमा व्यवस्था छ ।

## रक्सौलका इन्स्पेक्टर ठाकुर निलम्बित

प्रस, रक्सौल, २० साउन/

घूस लिएको आरोपमा रक्सौलका थानाध्यक्ष इन्स्पेक्टर शशीभूषण ठाकुरलाई निलम्बित गरिएको छ ।

पूर्वी चम्पारण जिल्लाका पुलिस अधिक्षक (एसपी) डा कुमार आशिषले रक्सौल निवासी चन्द्र प्रकाशद्वारा प्राप्त प्रतिवेदनमा इन्स्पेक्टर ठाकुरलाई दोषी पाएपछि उनलाई तत्काल प्रभावबाट निलम्बनमा पारिएको छ ।

इन्स्पेक्टर ठाकुरमाथि अनुसन्धानमा पीडितबाट प्रलोभन स्वीकार गरेको र घूस माग गरेको दोषी पाइएपछि उनलाई निलम्बित गरिएको एसपीद्वारा जारी आदेशमा बताइएको छ ।

## तीनजना फरार प्रतिवादी पक्राउ

प्रस, रौतहट, २० साउन/

अपहरण तथा ज्यान मुद्दामा वारदातपश्चात् फरार रहेका तीनजना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय, रौतहटले पक्राउ गरेको छ ।

अनुपी देवीको जाहेरीको आधारमा प्रहरीले ईशनाथ नगरपालिका वडा नं ४ मठिया बस्ने इन्दल महतो कोइरीसमेत सातजना प्रतिवादीमध्ये तीनजना पक्राउ परेको जिप्रका, रौतहटले जनाएको छ ।

अपहरण तथा ज्यान मुद्दामा वारदातपश्चात् फरार रहेका प्रतिवादीहरू इन्दल महतो कोइरी, परमेश्वर महतो कोइरी र सङ्गीता देवीलाई पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ ।

पक्राउ परेका तीनैजनालाई अदालतमा उपस्थित गराइएको र अदालतको आदेशमा रौतहट कारागार चलान गरिएको जिप्रका, रौतहटले जनाएको छ ।

## पर्सागढीमा लामखुट्टेको प्रकोप बढ्यो

बलिराम शुक्ला, बिरुवागुठी, २० साउन/

पर्सागढी नगरपालिकामा लामखुट्टेको प्रकोप बढेको छ । पानी परेपछि पनि गर्मी नघटेको र जमेको पानीमा लामखुट्टे वृद्धि भएर नगरक्षेत्रमा लामखुट्टेको प्रकोप देखा परेको हो ।

लामखुट्टे नियन्त्रणाको लागि नगरपालिकाले तत्काल कुनै पहल गरेको छैन । वडा नं ३ निवासी गणेश साहले लामखुट्टे नियन्त्रणका लागि पालिका तथा वडाले पहल गर्नुपर्ने बताए । उनले भाइरल ज्वरो बढेको र लामखुट्टेबाट विभिन्न खाले रोग सर्ने हुँदा यसको नियन्त्रणमा तत्काल ध्यान दिनुपर्ने आग्रह गरे ।

पर्सागढीको सबैया, बर्वाटाँडी, हरदासपुर, बडनिहार, मनवा, बडेर्वा, एकटाँगा, हरपुर, बहुअर्वालगायतका क्षेत्रमा लामखुट्टेको प्रकोप बढेको छ ।

## नक्कली नोटसहित तीनजना पक्राउ

प्रस, रौतहट, २० साउन/

नक्कली नोटको कारोबार गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ ।

रौतहटको बौधीमाई नगरपालिका-४ बस्ने २९ वर्षीय देवनारायण दास, २२ वर्षीय फूलमहमद र २४ वर्षीय नौसाद आलमलाई नक्कली नोटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ । उनीहरूको बयानको आधारमा प्रहरीले वडा नं ४ इनरवारी बस्ने २६ वर्षीय सन्तोष पटेललाई नियन्त्रणमा लिएको छ । पटेलको साथबाट एक हजारको एक थान जाली नोट फेला परेको प्रहरीले जनाएको छ ।

गत बुधवार बौधीमाई नगरपालिका-३ जिउताही टोलमा नागपञ्चमीको अवसरमा लागेको मेलामा सामान किन्ने क्रममा उनीहरूले पसलहरूमा नक्कली नोट दिएको प्रहरीले जनाएको छ ।

मेलाका पसलेहरूबाट बीस हजार बराबर नक्कली नोट फेला परेको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

## तयारी कपडा बरामद

प्रस, पर्सागढी, २० साउन/

प्रहरी चौकी, पथलैयाले सर्लाहीबाट काठमाडौं जाँदै गरेको बसबाट एक लाख २५ हजार मूल्य बराबरको कपडा बरामद गरेको छ ।

ना.५ख ४०८५ नम्बरको बस चेकजाँच गर्ने क्रममा प्रहरीले बिल नभएको ३६५ थान कुर्ता बरामद गरेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

यसैगरी, इलाका प्रहरी कार्यालय, बारागढीले भलुवाही चोकबाट २७ हजार बराबरको तयारी कपडा बरामद गरेको छ । तस्करले मोटरसाइकलमा भारतबाट भन्सार छली नेपाल ल्याएको कपडा सुरक्षाकर्मीलाई देखेपछि फालेर फरार भएको इलाका प्रहरी कार्यालय, बारागढीले जनाएको छ ।

यसैगरी, इलाका प्रहरी कार्यालय बारागढीले वडा नं ३ खोपवा बजारबाट बेवारिसे अवस्थामा एउटा मोटरसाइकल बरामद गरेको छ । बा.८५प ६०९७ नम्बरको पल्सर मोटरसाइकल बरामद भएको इप्रका, बारागढीले जनाएको छ ।

## ट्याक्टरमा लोड गरिएको सालको गोलिया बरामद

प्रमोद यादव, पंचगावाँ, २० साउन/

प्रहरी चौकी रङ्गपुरटाँडीले भतौडानजीकै जङ्गलबाट काँचो सालको गोलिया लोड गरिएको ट्याक्टर नियन्त्रणमा लिएको छ ।

प्रहरी सहायक निरीक्षक गोपालराय यादव नेतृत्वको टोलीले बिहीवार राति पटेर्वासुगौली गाउँपालिका-४ पथलावाघाटबाट प्रदेश नं २-०३-००१त ६०४७ नम्बरको ट्याक्टरमा लोड गरिएको १२ थान सालको गोलिया नियन्त्रणमा लिएको हो ।

भतौडा, देउरिया, निचुटाको समिल र फर्निचर उद्योगमा लैजाँदै गरेको सो गोलिया सूचनाको आधारमा नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीमा राखिएको प्रहरी निरीक्षक किशोर आचार्यले बताए ।

पक्राउ परेका गोलिया र ट्याक्टर सबडिभिजन वन कार्यालय, रङ्गपुरमा बुझाइने प्रहरीले जनाएको छ ।







**लागूऔषधरहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रूचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाइमा ध्यान नदिने,
- अनावश्यक खर्चगर्नेलगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरू हुन सक्छन् ।

यस्ता लक्षण देखिएमा समयमै नजीकैको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड